# अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको
कोड नं.Ed.Pm. 598 को आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता

सज्जन झा

क्याम्पस क्रमाङ्क : ३१८/२०६६

परीक्षा क्रमाङ्क : १३०१६०

त्रि.वि.दर्ता नं.: ७२१३६-८८

श्री सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस सिरहा


२०७१

त्रिभुवन विश्वविद्यालय

☎ ०३३-५२०३७८
०३३-५२००८२

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव**
**बहुमुखी क्याम्पस, सिरहा**

मिति

पत्र संख्या :-

चलानी नं. :-

## सिफरिशपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड) शैक्षिक योजाना तथा व्यवस्थापन विषय दोस्रो वर्षका छात्र सज्जनझाले **अतिरिक्त कियाकलापमा छात्रा सहभागिता** विषयमा यो शोधपत्र तयार गर्नु भएको छ । यो शोधपत्र मेरो प्रत्यक्ष निर्देशन, सहयोग र सुपरिवेक्षणमा तयार गरिएको हो । उहाँले तयार पार्नु भएको यस शोधपत्रप्रति म सन्तुष्ट छु साथै यो शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..................................
धर्मराज सिंह

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
☎ ०३३-५२०३७८
०३३-५२००८२
पत्र संख्या :-
चलानी नं. :-
मिति

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम्.एड्.) दोस्रो वर्षको आंशिकआवश्यकता परिपूर्तिका लागि छात्र सज्जनझाले **अतिरिक्त कियाकलापमा छात्रा सहभागिता** शीर्षकमा शोध अध्ययन कार्य पुरा गरी स्वीकृतिका लागि प्रस्तुतगर्नु भएकाले मूल्यांकन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्यांकन समिति

| | | |
|---|---|---|
| प्रा.चन्देश्वर यादव | विभागीय प्रमुख | ............................ |
| आ.प्रा.धर्मराज सिंह | शोध निर्देशक | ............................ |
| उपप्रा.नारायण प्रसादअधिकारी | बाह्य परीक्षक | ............................ |

Date: 27/2/2015

# कृतज्ञता

अतिरिक्त कियाकलापमा छात्रा सहभागिता अध्ययनलाई विषयवस्तु बनाई यो शोधपत्र तयारका लागि स्वीकृतिदिई मेरो चाहना र इच्छा पूरा गर्न प्रोत्साहन दिनु भएका श्रदेय गुरुहरुप्रति स-हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु। प्रस्तुत शोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्तसम्म नियमित रुपले अध्ययनका कममा प्राप्त सैद्धान्तिक ज्ञानलाई आफ्नो अमूल्य समय खर्च गरेर व्यावहारिक रुप दिनुका साथै मेरो अध्ययनमा आवश्यक सुपरिवेक्षण, मार्ग निर्देशन एवम् सहयोग प्रदान गर्नुहुने गुरु श्री धर्म राज सिंह ज्यू प्रति हृदय देखि आभार व्यक्त गर्दछु। यस शोधकार्यका लागि स्वीकृतिप्रदान गर्नुका साथै उपयुक्त सल्लाह र सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. श्री. चन्देश्वर यादव ज्यू प्रति स-हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु। त्यसै गरी मलाई स्नातकोत्तर सम्मको अध्ययन पूरा गराउने सिलसिलामा यहाँ सम्म पुऱ्याउने ग्रामिण परिवेशमा वसोवास गरी कृषि पेशामा आत्मसातगर्नु भएको मेरो पूजनीय आमा,बावु,आमा, दाजु, भाउजू, इष्ट मित्रप्रति संधै अभारी रह्ने छु।

त्यसै गरी विभिन्न द्वितीय तथ्याङ्कहरु उपलब्ध गराई सहयोग गर्ने जि.शि.का. धनुषाका जि.शि.का.काकर्मचारी तथा विद्यालयका प्र.अ. शिक्षक/शिक्षिका, दलित विद्यार्थी तिनीहरुका अभिभावक र विद्यालयका कर्मचारीहरुमा हृदय देखि कृतज्ञता ज्ञापन गर्दछु। घरमा अध्ययनको वातावरण तयार गराई शोधकार्यमा सहयोग पुऱ्याउने श्रीमति, छोरीहरु रशमी, पल्लवी, भाषा शुद्धिकरणमा सहयोग पुऱ्याउने शिक्षक श्री धर्मराज सिंह तथा कम्प्युटर टाइप र प्रिन्ट गरी दिने अनुपमा बुक्स एण्ड स्टेश्नरी सप्लायर्सका जितेन्द्र ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

सज्जनझा

## शोधसार

*प्रस्तुत अध्ययन **अतिरिक्त कियाकलापमा छात्रा सहभागिता** विषयमा तयार पारिएको हो । यस अध्ययनको मुख्य उद्देश्यहरु माध्यमिकतहमा छात्राहरुको शैक्षिक अवस्था तथा अतिरिक्त कियाकलापमा तिनीहरुको सहभागिता पत्तालगाई सहभागिता कमहुने कारण पत्ता लगाई सहभागिता बढाउनु रहेका छन् । यो अध्ययन पूर्णतया सर्वेक्षण पद्धतिमा आधारित भएको हुनाले परिमाणात्मक र विश्लेषणात्मक ढाँचामा तयार गरिएको हो ।*

*शोधकार्यको उद्देश्य प्राप्तिको लागि धनुषाको निर्वाजन क्षेत्र नं. १ अन्तर्गत पर्ने सात सामुदायिक विद्यालयहरु मध्ये वाट ग्रामिण क्षेत्रमा पर्ने कमशःसात माध्यमिक विद्यालयहरुवाट स्तरिकृत नमुना छनोटको आधारमा गरी जम्मा चार विद्यालय छनोट गरी प्रत्येक विद्यालयका माध्यमिक तहमा अध्ययनरत चार/चार जन ाछात्रा, तिनीहरुका अभिभावक तथा प्रधानाध्यापक लगायत तीन/तीन जना शिक्षक/शिक्षिका सामान्य सम्भावनायुक्त नमुना छनोट विधिवाट नमुनाको रुपमा छनोट गरी अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क तिनीहरुवाट प्रश्नावली भराई, खुला किसिमले अन्तर्वार्ता लिइएको तथा छलफल गरी प्राप्त गरिएको थियो, भने द्वितीय तथ्याङ्कहरु सम्वन्धित विद्यालयका अभिलेख, जिल्ला शिक्षा कार्यलायका अभिलेख, शिक्षा सम्वन्धी प्रतिवेदनहरु, दलित सम्बन्धी लेख रचना इत्यादिवाट लिइएको थियो ।*

*तथ्याङ्कहरुको अध्ययनको आधारमा विद्यालयको माध्यमिक तहमा छात्राहरुको सहभागिता ज्यादै कम रहेको पाइयो । कक्षा दोहऱ्याउने र कक्षा छाड्नेहरुमा प्राय छात्राहरु नै रहेको पाइयो । तीन वर्षको तथ्याङ्क अध्ययनको आधारमा छात्राहरुको कक्षा दोहऱ्याउने दर कमिक रुपले बढेकै पाइयो भन्ने कक्षा छाड्ने दरमा उत्तार चढाव भएको पाइयो । माध्यमिक तहमा छात्राहरुको कम सहभागिता हुने, कक्षा छाड्ने, कक्षा दोहऱ्याउने मुख्य कारणहरुमा तिनीहरुको आर्थिक अवस्था कमजोर भई घरायसी कार्यमा लाग्नु परेको, पुरुष वर्गहरुवाट बढी श्रमशोषण, सामाजिक रुपले उपेक्षित, जनचेतनाको अभाव, कम उमेरमा विहा वारीलाई लिइएको छ ।*

*सामुदायिक विद्यालयको माध्यमिक तहमा छात्राहरुको भर्ना दर र उत्तीर्ण दर छात्रहरुको तुलनामा कम देखिन्छ । आर्थिक र सामाजिक कारणले गर्दा छात्राहरु माध्यमिक तह पूरा नगरी बिचैमा कक्षा छाड्ने गरेको पाइन्छ । छोराछोरीको संख्या बढी भई विद्यालयको पढाइ सम्बन्धी अन्य खर्च तिर्न नसकेको कारणले गर्दा छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता कम देखिन्छ । कमै प्रतिशत छात्राहरुले विद्यालयको अत्तिरिक्त क्रियाकलापमा भागलिएको देखिन्छ । यसरी उनीहरुलाई विद्यालयको सम्पूर्ण कार्यक्रममा भाग लिनलगाइ शिक्षकहरु सँगको सम्बन्ध बढाइ विद्यालयमा राम्रो वातावरण बनाइ उनीहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउनु पर्ने देखिन्छ ।*

*माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता बढाउन गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ । त्यस्तै परीक्षामा उत्कृष्ट अङ्क ल्याउने छात्राहरुलाई प्रशंसा पत्र र पुरस्कारको व्यवस्था गर्नुपर्ने, निःशुल्क पाठ्यपुस्तक वितरण गरी निःशुल्क पठन पाठनको व्यवस्था मिलाउनु पर्ने, घरायसीकार्यमा संलग्न हुनेहरुको लागि अत्तिरिक्त कक्षाको व्यवस्था मिलाउनु पर्ने, छात्रवृति प्रदान गर्नुपर्ने, अभिभावकहरुमा छोरीहरुको विहे बिस वर्ष भन्दा कम उमेरमा गर्न नहुने जनचेतना जगाउनु पर्ने कुराहरु उल्लेख गरिएका छन् । उच्च र गरिव जातिका भावना सवै वाट हटाउन ठोस नीतिल्याउनु पर्ने विद्यालयमा छात्राहरुको लागि मायालु वातावरण सृजना गर्नुपर्ने विषयवस्तु लाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।*

# विषयसूची


स्वीकृतिपत्र i

सिफारिस पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv -v

**परिच्छेद एक : परिचय १-१०**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्यहरु ८

१.५ अनुसन्धानात्मकप्रश्नहरु ८

१.६ अध्ययनको परिसीमा ८

१.७ सम्बन्धितशब्दावलिको परिभाषा १०

**परिच्छेद दुई : सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन ११-१५**

२.१ अध्ययनको सैद्धान्तिक खाका ११

२.२ साहित्यको अवलोकन १२

२.३ शैक्षिक उपादेयता १५

**परिच्छेद तीन : अध्ययन विधि १६-११**

३.१ अनुसन्धान ढाँचा १६

३.२ जनसंख्या तथा नमुना छनोट १६

३.३ तथ्याङ्क सङ्कलनका विधि १७

३.३.१ प्रश्नावली १७

३.३.२ अन्तर्वार्ता १८

३.३.३ अवलोकन १८

३.३.४ समुहगत छलफल १९

३.३.५ सर्वेक्षण फारम १९

३.४ तथ्याङ्कका स्रोतहरु १९

३.५ तथ्याङ्क सङ्कलन प्रकिया १९

३.५.१ प्राथमिक तथ्याङ्क २०

३.५.२ द्वितिय तथ्याङ्क २०

३.६ तथ्याङ्क विश्लेषण प्रकिया २०

**परिच्छेद चार : नतिजाको विश्लेषण** २१-४८

४.१ माध्यमिक विद्यालय तहमा छात्राहरुको शैक्षिक अवस्था २१

४.१.१ छात्राहरुको भर्नाको अवस्था २२

४.१.२ छात्राहरुको कक्षा छाड्ने अवस्था २३

४.१.३ छात्राहरुको कक्षा दोहऱ्याउने अवस्था २४

४.१.४ छात्राहरुको तहपार गर्ने अवस्था २५

४.१.५ छात्राहरुको तहपार नगर्ने अवस्था २६

४.२ माध्यमिक तहमा छात्राहरुको अत्तिरिक्त कियाकलापमा सहभागिता २८

४.२.१ छात्राहरु अत्तिरिक्त कियाकलापमा भागलिएको अवस्था २९

४.२.२ शैक्षिक वर्ष २०७० मा छात्राहरु अत्तिरिक्त कियाकलापमा भागलिएको अवस्था ३०

४.२.३ शैक्षिक वर्ष २०७० मा छात्राहरुले भागलिएको अवस्था ३१

४.३ अक्तिरिक्त कियाकलापमा छात्राहरुको सहभागिताकमहुनाकाकारणहरु ३४

४.३.१ लैङ्गीकविभेद ३४

४.३.२ आर्थिक स्थिति कमजोर ३४

४.३.३ शैक्षिक चेतनाको अभाव ३५

४.३.४ खराव साथीसँगत ३५

४.३.५ छात्राहरुको शिक्षाआर्जनप्रति राज्य र विभिन्न संघसंस्थाहरुले देखाउने चासो ३६

४.३.६ छुवाछुतको भावना र भेदभाव ३६

४.३.७ कमउमेरमा बिहेबारी ३६

४.३.८ अभिभवकहरुको बेरोजगारी ३७

४.४ अत्तिरिक्तकियाकलापको प्रभावकारीता ३८

४.४.१ सिकाइमाबृद्धि ३९

४.४.२ विद्यालयको सहकियाकलाप र अन्य कियाकलपको सहभागितामा बृद्धि ४०

४.४.३ आपसी मेलमिलापमा बृद्धि ४१

४.४.४ आत्मबलमाबृद्धि ४१

४.४.५ नेतृत्वगर्ने क्षमतामा बृद्धि ४१

४.५ अत्तिरिक्तकियाकलापमा छात्राहरुको सहभागिता बढाउने उपायहरु ४३

४.५.१ छात्रवृतितथा पुरस्कारको व्यवस्था ४३

४.५.२ निःशुल्कनामाङ्कन, किताब, कापी, कलम र ड्रेसको व्यवस्था ४३

४.५.३. दलित र गैर दलितवर्गकाविद्यार्थीहरुप्रतिको समानव्यवहार ४४

४.५.४ शैक्षिकजनचेतना ४४

४.५.५ उच्चशिक्षा र देशको सम्पूर्ण निकायमा समावेशी ४५

४.५.६ अभिभावकहरुको लागि रोजगारको व्यवस्था ४५

४.५.७ अभिभावकहरुको पेशाको आधुनिकतथा वैज्ञानिक व्यवस्था ४५

४.५.८ सस्तो ब्याज दरमा ऋणको व्यवस्था ४६

४९-५५

## परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरु


| | |
|---|---|
| ५.१ निष्कर्ष | ४९ |
| ५.२ सुझावहरु | ५२ |
| ५.२.१ नीतिगत तहका सुझावहरु | ५२ |
| ५.२.२ अभ्यास तहका सुझावहरु | ५३ |
| ५.२.३ अनुसन्धान तहका सुझावहरु | ५५ |
| **सन्दर्भसुची** | **अनुसुचीहरु** |


२०७१

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा शिक्षाको विकास धेरै यता आएर मात्र भएको हो । वि.सं. २००७ साल अघि नेपालमा शिक्षाको खासै विकास भएको थिएन । कतिपय राणा प्रधानमन्त्रीहरुले शिक्षाको विकासमा केही कदम चाले पनि उनिहरुका भाई भतिजाहरुले त्यसका विकास हुन दिएन । फलस्वरुप सम्पूर्ण नेपालीहरु शिक्षाको उज्यालो घामबाट वंचित नै रहे भनेछात्रा समुदायको शिक्षामा प्रवेशको कुरै आउदैन । त्यसवेला राजा, जनता र नेताहरु मिलेर राणा विरुद्ध धेरै लडाई लडेपनि कसैको बहस चलेन । राणाहरुवाट जनतामा विभिन्न प्रकारका अपराधिक र घृणित कियाकलाप भए जसको विरुद्धमा उत्रदा वि.सं. १९९७ मा दशरथ चन्द्र, धर्मभक्त, गंगालाल, शुक्रराज जस्ता सपूतहरुलाई फाँसी दिइयो ।आखिर २००७ सालमा राजा त्रिभुवन र जनताको संयुक्त प्रयासबाट प्रजातन्त्रको उदय भएर रह्यो । त्यसबेला नेपालको साक्षरता दर २% मात्र छ (शर्मा २०६६) ।

वि.सं. २००९ सालमा शिक्षा वोर्डको स्थापना भयो । त्यसै वोर्डको सिफारिस अनुसार वि.सं. २०१० साल चैत्र ९ गते सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदश्यीय नेपाल राष्ट्रको शिक्षा योजना आयोगको गठन भयो । त्यसले वि.सं.२०११ सालमा आफ्नो प्रतिवेदन प्रस्तुत गरियो । त्यस्तै वि.सं. २०१७ सालमा पून:पंचायती ब्यवस्थाको थालनी भई २०१८ साल वैसाख २५ गतेमा तात्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा “सर्वाङ्गीन राष्ट्रिय शिक्षा समिती” कोगठन भयो । युसरी समय समयमा यस्ता विभिन्न आयोगहरु बन्दै गई वि.सं.२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भयो । जसले शिक्षा क्षेत्रमा यूगान्तकारी परिवर्ततन ल्यायो । जसले निरिक्षण

प्रणलीमा सुधार, शिक्षक तालिम र सेवा सुनिश्चितता जस्ता विभिन्न कार्यहरुमा जोड दियो (पुर्वत) ।

वि.सं. २०४६ सालको जनआनदोलन पछि बनेको २०४७ सालको संविधानले जनताको मैलिक हक विभिन्न समुदाय विच सामनजस्यता स्थापना गरि सामाजिक असमानता हटाई न्यायपूर्ण, लोक कल्यानकारी,सम्मुनत र समृद्ध राज्यको स्थापना गर्ने प्रत्याभूति गरेको पाईन्छ । २०४७ सालफाल्गुन १४ गतेमा गठन गरिएको "राष्ट्रिय शिक्षा आयोगले २०४७ साल जेठ ५ गतेमा आफनो प्रतिवेदन पेश गऱ्यो (शर्मा २०६६ पेज ३५८) । यसको उद्देश्य समाजमा पछि परेका दलित, महिला समुदायलाई मुलधारमा समाहित गरी श्रम प्रति सकारात्मक भावना भएका राष्ट्र र प्रजातन्त्र प्रति आस्थावान तथा नेपाली भाषा गणित, विज्ञान विषयमा उपयुक्त स्तरको ज्ञान भएका चरित्रवान नागरिक तयार पार्नु छ (निर्देशिका २०४९) ।

वि.सं. २०५४ साल जेठ १२ गतेमा गठीत उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगले २०५५ सालमा आफ्नो प्रतिवेदन पेश गरियो । अहिले नेपाल भित्र सरकारी र निजि स्रोतमा संचालित विद्यालय हरुको संख्या २८,१३१ छन्, जसमा ८००० भन्दा बढि निजी स्रोतका विद्यालयहरु छन् । मुलुकभरमा सरकारी र निजी विद्यालयमा गरी प्राथमिक तहमा विद्यार्थी भर्ना दर ८७.४ प्रतिशत पुगेको छ । विद्यालय जाने उमेरका बालबालिका मध्ये अदिवासी जनजाती ३८ प्रतिशत, दलित १८ प्रतिशत र अपाङ्ग १ प्रतिशत रहेको छ । प्राथमिक स्तरमा महिला शिक्षिका ३०.६ प्रतिशत, दलित जातको शिक्षक शिक्षिका २.५प्रतिशत र जनजाती १७.८ प्रतिशत रहेको छ (गोरखापत्र २०६६ कार्तिक १७) । २०५८ सालको जनगनना अनुसार नेपालको साक्षरता दर ५३.७८ प्रतिशत रहेको छ भने लगभग ४७ प्रतिशत जनसंख्या निरक्षर पाईन्छ । हाम्रो जस्तो विकासोन्मुख देशमा

गरिबीको कारणले विभिन्न समुदाय विच शिक्षामा ब्यापक फरकता देखिन्छ (कटुवाल – २०६३) । जसमा विप्पन, अपाङ्ग, महिला, दलित तथा पिछिडिएका जनजातीहरुका लागि शिक्षामा पहुँच बढाउन विभिन्न उपायहरु अंगालिएको छ ।

विद्यार्थीहरुको सर्वाङ्गीण व्यक्तिवको विकासका निमित्त परमपरागत कक्षा शिक्षणका साथै अन्य सह क्रियाकलापहरुमा पनि विद्यार्थीहरुलाई संलग्न गराउनपर्दछ । यस्ता क्रियाकलापहरुमा शारीरिक ,वौद्धिक तथा रचनात्मक शारीरिक गतिविधिहरु पर्दछन् । विद्यार्थीहरुको मनोवैज्ञानिक तथा वौधिक पक्षको विकास गरी व्यकत्तित्व निर्माण गर्न सह तथा अतिरिक्त क्रियाकलापहरुको व्यवस्था अपरिहार्य वनिसकेको छ। त्यसैले यसता क्रियाकलापहरु विद्यार्थीहरुको शैक्षिक विकासको अभिन्न अङ्ग वा सम्पूरक विसयको रुपमा विकसित हुन थालेका छन् । यस सन्दर्भमा अतिरिक्त क्रियाकलापलाई समेत पाठयक्रियाकलापकै सहकार्यकलापका रुपमा हेरिनु पर्ने हुन्छ । अत: कतिपय स्थितिमा अतिरिक्त क्रियाकलाप र सह क्रियाकलापका वीच सीमा रेखा छुट्याउन गाह्रो हुन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा अतिरिक्त क्रियाकलापलाई विशेष रुपमा जोड दिइएको छ । सोहीअनुसार शिक्षा तथा संस्कृति मन्त्रालय पाठ्यक्रम पाठ्यपुस्तक निरीक्षण विकास केन्द्रअन्तर्गत र त्रिभुवन विश्वविद्यालयमा पनि अतिरिक्त क्रियाकलाप सम्वन्धी निकाय कार्यरत छन् । तर विद्यालयहरु र विश्वविद्यालयका विभिन्न क्याम्पसहरुमा यस्ता कियाकलापलाई प्रभावकारी रपमा सञ्चालन तथा व्यवस्था गरिएको देखिँदैन ।

विद्यालयमा खेलकुदका रुपमा फुटवल , भलिवलजस्ता खेलहरु खेलाइन्छन् र हाजिरिजवाफ प्रतियोगिता , सङ्गीत र नृत्य आदिका प्रतियोगिता पनि यदाकदा गराइन्छन्

,तर तिनको नियमित र व्यवस्थित रुपमा सञ्चालन गर्ने प्रचलन विकसित भएको देखिदैन ।

यस अध्ययनले शैक्षिक सत्र २०६८ मा धनुषा जिल्लाको क्षेत्र नं. १ अन्तर्गत रहेका सामुदायिक विद्यालयमाछात्राहरुको विद्यालय भर्ना दर माध्यमिक विद्यालय स्तर पूरा नगरी विद्यालय छाडने संख्या, विद्यालयका अतिरिक्त कियाकलापमा सहभागिता कम हुनाका प्रमुख कारणहरु र के कति उपायले अतिरिक्त कियाकलापको सहभागितामानियमित गराउन सकिन्छ, भन्ने सुझाव र यसवाट दिइएका राम्रा नराम्रा पक्ष के कस्ता छन् । अरु पक्षहरुसंग सम्वन्धित रहेर अध्ययन अनुसन्धानछात्राहरुमा देखिएका कमी कमजोरीहरु सुधार गर्नमा उपयोगी हुनेछन् ।

## १.२ समस्याको कथन

शिक्षा मानव जीवनको सार हो । शिक्षा विहिन मानिस पशु समान हुन्छन् । शिक्षाको अभावमा समाजको उत्थान र देशको विकास असम्भव हुन्छ । वि.सं. २००७ सालमा नेपालको साक्षरता दर २% रहेको छ । यता आएर समय समयमा योजना बद्ध तरिकाले सर्वजातियता र सर्वाङ्गीण किसिमले शिक्षामा समानता ल्याउने भावना अनुरुप शिक्षाको विकास गर्न विभिन्न शैक्षिक नीति तथा कार्यक्रमहरु परिवर्तन भईरहेकै हो । विं.सं. २०५८ सालको जनगणना अनुसार नेपाल अधिराज्यभर साक्षरता प्रतिशत ५३.७८ रहे पनि महिला जातिले खासै उपलब्धि हाँसिल गर्न सकेको पाईदैन । महिलाहरु अझै पनि पिछिडिएकै अवस्थामा रहेको पाईन्छ ।परम्परा देखि चल्दै आएको अन्धविश्वास र कुरीतिले हाल सम्म महिला वर्गलाई उकास्न दिएको पाइदैन् । समय समयमा विभिन्न दातृ निकायहरुले विद्यालय स्तरमा छात्राहरुलाई उकास्न विभिन्न प्रकारले अनुदान दिंदै आए पनि तिनीहरुमा सुधारात्मक कार्यहरुपुगेको पाईदैन । सहयोग रकम लक्षित समुह

सम्म पुगेको पाईदैन ।फलस्वरुप महिलाहरुझन झन पछाडितिरधकेलिदै गइरहेको देखिन्छ । जुनसुकै शिक्षा कार्यक्रमहरु संचालन गरिए पनि “बालबालिका तथा वातावरण सरोकार नेपाल” को अनुसार २० लाख बालबालिका श्रमका श्रेत्रमा कार्यरत छन् ।जसमध्ये जोखिमपूर्ण क्षेत्रहरु इट्टा भट्टामा ६० हजार, गिट्टी कुट्ने ३२ हजार, चिया पसलमा७१ हजार, सडक बालबालिका ५ हजार, प्राविधिक क्षेत्रमा १८ हजार बाल भरिया ४६ हजार, बाल यौन व्यवसायमा १८ हजार, सडक राजमार्गहरुमा कार्य गर्ने १२ हजार छ (गोरखापत्र, २०४६ मंसिर ६,वर्ष ११०, अंक २०६) ।

करिब २०% माध्यमिक विद्यालय उमेरका बालबालिकाहरु मा.वि. शिक्षाको पहुँच बाहिरै रहेको विचैमा कक्षा छोडेको भयावह स्थिति छ । यहाँ करिव ४०% बालबालिकाको विवाह १६ बर्ष नपुग्दै हुन्छन् । (५-६) बर्षको बालबालिका मोटामोटी रुपमा हराउने गर्छन  (काफ्ले, २०६५ पेज ८८) । सन् १९९० मा भएको जोमटेन सम्मेलनमा भाग लिएका ११८ राष्ट्रका शिक्षा प्रतिनिधिहरुले सन् २००० सम्ममा “ सवैको लागि शिक्षा ” को प्रतिवद्धता व्यक्त गरेको छ । त्यस सम्मेलनमा सहभागी नेपालले पनि सो लक्ष्य पूरा गर्न नीति निर्माण गरी शिक्षाको लक्ष्य लिएको छ । जुन घोषणा खास वर्गमा नै सीमित रहन् पुग्यो । गरिबीको रेखामुनि रहेका र जातीय छुवाछुतको सिकार भई बहिष्कृत जीवनयापन गर्ने दलित महिलाहरुको लागि सरकारी घोषणा कागलाई पाकेको बेल झै भयो । सरकारले विद्यालय स्थापना र पूवाधार जुटाए पनि छात्राहरुको विद्यालयसम्मको पहुँच कठिन भएको छ, जसलाई उनीहरुको शैक्षिक अवस्थाले व्यक्त गरेको देखिन्छ । वि.सं. २०६६ मा धनुषा जिल्लाका विद्यालयहरुमा २६% दलित विद्यार्थीहरु अध्ययनरत रहेको पाइन्छ भने माध्यमिक तहमा १४.८०% मात्र पाइन्छ (FLASH - I,२०६६) ।

महिलाहरुको कमजोर शैक्षिक अवस्था जसलाई सम्पूर्ण विकासका केन्द्रीय पक्षका रुपमा स्वीकार गरी यिनीहरुको शैक्षिक अवस्थाको विकास गर्न विभिन्न सरकारी गैर सरकारी संघसंस्थाहरु अग्रसर रहेका छन् । सरकारले पनि महिलाहरुलाई शिक्षाको मुलधारमा समाहित गराई देशको सम्पूर्ण विकास गराउन छात्रा छात्रवृतिको व्यवस्था गरेको छ । तिनीहरुलाई उच्च शिक्षामा अध्ययनको लागि महिला कोटा छुट्याएको छ । तिनीहरुको सामाजिक विकासको लागि नयाँ मुलकीऐन २०२० लागु गरी छुवाछुत मान्नेलाई सजाय दिने व्यवस्था गरेको छ तर पनि महिलाहरुको माध्यमिक तहमा सहभागिता बढ्न पाएको छैन । प्रााथमिक तहमा छात्राहरु भर्ना भइहाले पनि  माध्यमिक  तहसम्म  पुग्दापुग्दै लगभग  आधामा  झरेको पाइन्छ । अभिभावक र व्यवस्थापन पक्षले छात्राहरुको विद्यालयमा सहभागिता र अत्तिरिक्त क्रियाकलापमा सहभागिता तर्फ ध्यान नदिएकोले यस्तो समस्या आएको हो ।

## १.३ अध्ययनको औचित्य

नेपालको अधिकांश भू-भाग अझसम्म पनि विकासको पूर्वाधारबाट वञ्चित नै छ । धेरै जसो दुर्गम गाउँमा बसोवास गर्ने व्यक्तिहरुलाई जीवन धान्न समेत धौ धौ परिरहेको छ, भने उनिहरुलाई आफ्ना मैलिक हक र अधिकार बारे के थाहा होला ? सरकारले प्रा.वि. तहसम्म अध्ययनरत सवैलाई सम्पूर्ण शुल्क निःशुल्क र पाठ्यपुस्तक समेत उपलब्ध गराई छात्राहरुको लागि ड्रेस र छात्रवृति दिने व्यवस्था गरे पनि जातका छात्राहरु माध्यमिक तहसम्मको अध्ययन पूरा नगरी बिचैमा कक्षा छोड्ने गरेको पाईन्छ । त्यसमा विद्यालय व्यवस्थापन र अभिभावकले कुनै चासो देखाइएको पाइदैन ।

नेपाली समाजमा रहेका विभिन्न विभेदहरुमध्ये आर्थिक, सामाजिक, लैंगिक र शैक्षिक विभेदले पनि ठूलो स्थान लिएको छ । महिलाहरु (छात्राहरु) आर्थिक र सामाजिक रुपले

हेपिदै गएका छन् । विदेशी राष्ट्रहरु र त्याहाँका संघसंस्थाहरु एवम् राष्ट्रिय संघसंस्थाले पिछिडिएका एवम् राष्ट्रको मुलप्रवाहवाट अलग रहेका महिलाहरुको आर्थिक, सामाजिक र शैक्षिक पक्षको विकासको लागि विभिन्न सहयोग कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । तिनीहरुले दिएको सहयोग रकम राष्ट्रका नेता र कर्मचारीहरु मिली कागजी स्वरुपवाट सुरु गरी कागजमै सिमित राखी सम्पूर्ण रकम तिनीहरुकै तलव भत्तामा सिमित गर्ने प्रवृति रहेका छन् । बाँकी रहेका केही रकम पनि लक्षित समुदायसम्म पुग्न नपाइ पहुँच भएका धनी वर्गसम्म मात्र पुगेको पाइन्छ । यसरी महिलाहरुविभिन्न रुपले शोषित हुँदै गई झनझन पछाडि परिरहेका पाइन्छन् । समयमै यी विभिन्न संघसंस्थाहरुले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था त्यसले ल्याएका प्रभाव तथा महिलाहरुको विकासका वाधक तत्वहरुलाई पहिचान गरी समाधान गराई तिनीहरुको स्तित्व मेटिनवाट जोगाई भोलि नेपालका लागि अर्को संकट उत्पन्न हुन नदिन विद्यालयकोअत्तिरिक्त कियाकलापमा छात्राहरुको सहभागिता शीर्षकमा अध्ययन गर्नु औचित्यपूर्ण  रहेको छ ।

विद्यालयको चौतर्फी विकास र शैक्षिक प्रगति तब मात्र संभव हुन्छ, जव विद्यालय व्यवस्थापन पक्षले प्रभावकारी योजना र त्यसको समुचित कार्यन्वयन गराउन सफल हुन्छ । तसर्थ समाज तथा समुदायका सम्पूर्ण व्यक्तिहरुले आर्थिक, सामाजिक, नैतिक र शैक्षिक विकासमा समानुपातिक रुपले सामुहिक प्रयास गर्नुपर्दछ । उनीहरुको सामुहिक प्रयासबाट  प्रत्येक वर्गका छात्राहरुको शिक्षण अवरोध सम्बन्धी समस्याहरु निर्मूल भई सरल ढंगले समस्याको सामाधान गर्न सकिन्छ । नेपालका बहुजाति तथा बहुभाषिक समुदायका एक जातिको मात्र अर्थिक, सामाजिक, राजनैतिक कमीकमजोरीले गर्दा समाज नै असभ्य र असमझदार बन्न जाने भएकोले यस अध्ययनले नेपालमा रहेको महिला वर्गहरुलाई उकास्नका लागि हाल सर्वेक्षणको रुपमा धनुषा जिल्लाका धनुषा क्षेत्र नं. १ सामुदायिक विद्यालयमा अत्तिरिक्त कियाकलापमा छात्राहरुको सहभागिता

बढाउनमा देखा परेका समस्या सुल्झाउन सकिन्छ भन्ने उद्देश्यले यो शोध तयार गर्ने जमर्को गरिएको । महिलाहरुको शैक्षिक अवस्था पत्ता लगाई तिनीहरुको अत्तिरिक्त क्रियाकलापमा सहभागिताकमहुनुको कारण पत्ता लगाई सहभागिता वढाउने उपायहरु खोजी गर्न । सन २०१५ सम्म "सबैको लागि शिक्षाको" प्रतिबद्धता पुरा गर्न । धनुषा क्षेत्र नं. १ महिलाहरुमाशिक्षाप्रतिको सकारात्मक धारणा प्रस्तुत गर्न । छात्राहरुको बिचैमा कक्षा छाड्ने अवस्था पता लगाई त्यसलाई निराकरण गर्न ।उनीहरुको शैक्षिक अवस्थामा सुधार ल्याउन विभिन्न कार्यक्रमहरु अगाडि बढाउन । माध्यमिक शिक्षामा अत्तिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता शीर्षकमा अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसारको रहेको छ ।

क) माध्यमिक तहमा छात्राहरुको शैक्षिक अवस्था पत्ता लगाउनु ।

ख) माध्यमिक तहमा छात्राहरुको अत्तिरिक्त क्रियाकलापहरुमासहभागिता पत्ता लगाउनु ।

ग) अत्तिरिक्त क्रियाकलापमा छात्राहरुकोसहभागिता कम हुनुको कारण पत्तालगाउनु ।

घ) अत्तिरिक्त क्रियाकलापको प्रभावकारीता विश्लेषण गर्नु ।

ङ) अत्तिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता बढाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनलाई अगाडि बढाउनका लागि निम्न अनुसन्धानात्मक प्रशनहरु तयार गरिएको छ ।माध्यमिक विद्यालयमा छात्राहरुकोके-कस्तो सहभागिता छ ?महिलाहरुको शैक्षिक अवस्था कमजोर हुनाका कारणहरु के-के छन् ? अत्तिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता कस्ता छन् ?अत्तिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता

कम हुनाका कारणहरु केके छन् ?अत्तिरिक्त क्रियाकलापको प्रभावहरुकेके छन् ?अत्तिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता कसरी बढाउन सकिन्छ ।

## १.६ अध्ययनको सिमा

जुनसुकै अध्ययन अनुसन्धान कार्य गर्दा जसरी अध्ययन क्षेत्रको सिमाङ्कन हुन्छन् । त्यसरी नै अध्ययन अनुसन्धान गरिने विषयवस्तु पनि सिमांकन हुनु आवश्यक हुन्छ । अनुसन्धानकर्ताको समय, श्रोतसाधन र विभिन्न समस्या तथा जटिलताको कारणले ठूलो जनसंख्यामा अध्ययन गर्न असमर्थ भएकोले अध्ययनका लागि परिसीमा निर्धारण गरिनेछ जस अनुसार अध्ययन निवार्चन क्षेत्र नं. १ अन्तर्गत का सामुदायिक विद्यालयको माध्यमिक तहमा मात्र सिमित गरिएको छ । अध्ययनको लागि धनुषा क्षेत्र नं. १सामुदायिक विद्यालयहरुमध्ये ४ वटा मात्र छानिएकोछ । निर्धारित समयमा सफलताको लागि निम्नलिखित कुरामा सिमित रहेर अध्ययन कार्य गरिएको छ ।

यो अध्ययन धनुषा क्षेत्र नं. १का सात सामुदायिक विद्यालयहरु मध्ये चार सामुदायिकविद्यालयमा मात्र सिमितगरिएको छ । यो अध्ययन सामुदायिक विद्यालयको माध्यमिक तहमा अध्ययनरत छात्राहरुमा सिमितगरिएको छ । यो अध्ययन छनोटमा परेका छात्रारुको अभिभावक, छनोटमा परेका ४ वटै विद्यालयकामाध्यमिक तहमा पढाउने २/२ जना शिक्षक/शिक्षिका र प्रत्येक विद्यालयका प्रधानाध्यापकमा सिमित गरिएको छ ।

## १.७ सम्बन्धित शब्दावलीको परिभाषा

यस प्रस्तावनामा प्रयोग भएका विशिष्ट शब्दहरुको परिभाषा यस प्रकारका छन्।

क) शिक्षक/शिक्षिका : सार्वजानिक विद्यालयका माध्यमिक दरवन्दिका शिक्षक/शक्षिका ।

ख) अध्ययन क्षेत्र : धनुषा क्षेत्र नं. १कामाध्यमिक विद्यालयहरु ।

ग) जनसंख्या : विद्यालयमा अध्ययन गर्न किशोरी, शिक्षक, शिक्षिका अभिभावक, प्र.अ. ।

घ) अभिभावक : विद्यालयका माध्यमिक तहमा अध्ययनरत छात्राहरुका आमा,बुवा, दाजु वा दिदी, संरक्षक ।

ङ) सामुदायिक विद्यालय : नेपाल सरकारको नियमित अनुदानवाट सञ्चालित विद्यालय

च) विद्यार्थी : माध्यमिक तहमा अध्ययनरत छात्राहरु ।

छ) छात्रवृति : विद्यालयमा दलित र निम्न वर्गका विद्यार्थीलाई प्रदान गरिने विशेष सुविधा ।

ज) किशोरी : १२ वर्ष उमेर भन्दा माथिकाछात्रा।

# परिच्छेद दुई

# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि विषयको अध्ययन गर्नको लागि त्यस विषयसँग मिल्ने विचार वा सिद्धान्तको आवश्यकता पर्दछ । अध्ययनलाई व्यवस्थित तरिकाले लैजानको लागि कुनै खास सिद्धान्तहरुको अवलम्वन गर्नुपर्ने हुन्छ । व्यवस्थित तरिकाले उपयोगमा ल्याउन व्यवस्थापन सम्बन्धी धेरै सिद्धान्तहरु प्रतिपादन भएका छन् । वैज्ञानिक व्यवस्थापन सिद्धान्त, मानवीय सम्बन्ध सिद्धान्त, सांगयोगिक सिद्धान्त, कर्मचारीतन्त्र सिद्धान्त, व्यवहारवादी सिद्धान्त पिछिडिएको उपेक्षित वर्गका छात्राहरुलाई शिक्षाको मुलधारमा समाहित गराउन पेडागोजी अफ अप्रेस्डसिद्धान्त (१९७०) लाई अवलम्वन गरिएको छ ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड सिद्धान्त "समुदाय सशक्तीकरण प्रविधिवाट साक्षर वनाउने रिफलेक्ट (REFLECT)" अनुसार समुदायका सवै तहमा जनचेतना जगाउने, अन्यायमा परेका तल्लो वर्गका मानिसहरुलाई शिक्षा आर्जनप्रति प्रेरित गराइ तिनीहरुको सक्रिय सहभागिता गराउने, पाठ्यक्रम विज्ञहरुले पढाइका विषयवस्तु निर्धारण गर्नुको सट्टा सहभागीहरु आफैले पढ्ने पाठको छनोट गर्ने, तल्लो तहको विकास भएमा मात्र सम्पूर्ण विकास सम्भव हुन्छ भन्ने चेतनाको विकास गराउने कुरामा जोड दिनुपर्ने अर्थात शिक्षा आर्जन गर्ने सवै वर्गलाई सचेत गराई सशक्त वनाउनु पर्ने । देशको शिक्षानीति अनुसार शिक्षाको उज्यालो घामवाट वञ्चित रहेका सम्पूर्ण किशोरीहरुलाई शिक्षाको मूलधारमा समाहित गराउने उद्देश्यले यस अध्ययनलाई प्रभावकारी बनाउन सामुदायिक विद्यालयको माध्यमिक तहमा दलित वर्गका छात्राहरुको कक्षा छाड्ने दर घटाई

उनीहरुको सहभागिता बढाउन पाउलो फ्रेरेद्वारा प्रतिपादित पेडागोजी अफ अप्रेस्ड सिद्धान्तलाई अवलम्वन गरिएको छ ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड सिद्धान्त अनुसार अत्याचारमा परेका शोषित पिडित महिलाहरुमा समस्याका वारेमा जनचेतना जगाई सचेत वनाई मौनताको संस्कृति (Culutre of Silence) तोड्न लगाई शिक्षा आर्जन गराउनु पर्दछ । यसरी उनीहरु साक्षर हुन गई शिक्षा आर्जन प्रति प्रेरित भएर प्राथमिक तह पार गरी माध्यमिक शिक्षामा सहभागि हुन पुग्छन् । यसरी माध्यमिक तहमा महिलाहरुको सहभागिता बढ्न गई अत्तिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागिता स्वतः बढन जान्छ ।

## २.२ साहित्यको अवलोकन

कुनै पनि अनुसन्धान प्रतिवेदन लेखन कार्य गर्दा त्यससँग सम्बन्धित विभिन्न साहित्य, अनुसन्धान, लेख इत्यादिको पुनरावलोकन गर्नुपर्ने हुन्छ । यो अनुसन्धान प्रतिवेदन तयारी गर्ने क्रममा शोधकर्ताद्वारा यससँग सम्बन्धित निम्न अनुसारको शोध ग्रन्थहरुको पुनरावलोकन गरिएको छ ।

कार्की (२०४७) का अनुसार स्याङजा जिल्लाको पौवे गोडे गा.वि. स.का कामी जातिहरुको शैक्षिक अवस्था ज्यादै निम्न स्तरको पाइएको कुरा उल्लेखित छ । कामी जातिका वालवालिकाहरु काम गर्न सक्ने उमेर भएपछि विद्यालय जादैनन् । उनीहरुको आर्थिक विप्पनताका कारण काम गर्न सक्ने उमेर भएपछि किशोर किशोरीहरुले आफ्ना भाइवहिनी हेर्ने, गाई वाखा चराउने , मेलापाता गर्ने, मजदुरी गर्नुका साथै कामको खोजिका लागि वाह्य देश वा वहिरगमण गर्ने कार्य गरेको उल्लेख गरेको पाइन्छ (पुर्वत) ।

कामी जातका किशोर किशोरीहरु आर्थिक रुपले विप्पन भएकोले गाई, वाखा चराउने , घरमा भाईवहिनी हेर्ने , कामको खोजीमा विदेश वा स्वदेश कै विभिन्न भागमा कार्य गर्न जाने भएकोले तिनीहरु विद्यालयसम्म पुग्न पाएको हुँदैन । यसरी विद्यालयको अतिरिक्त क्रियाकलापमा भाग लिने कुराको प्रश्नै उठ्न सक्दैन् ।

सिंह (२०६४) का अनुसार मुसहर जातिहरु आर्थिक कठिनाईको कारणले पुरुष र महिला दुवै कृषि मजदुरीमा लाग्ने र आफ्ना छोराछोरीहरुलाई बालबच्चाको स्याहार कार्यमा लगाउने, कमै उमेरमा तिनीहरुको विवाह गरिदिने, झाँकी, धामी झारफुकमा बढी विश्वास गर्ने कसै कसैले छोरालाई मात्र विद्यालय पठाउने, छोरीलाई घर कार्यमै लगाएर राख्ने गरेको पाईएको छ । जति बढी सन्तान त्यति बढी आम्दनीमा विश्वास राखी परिवार नियोजन तर्फ साफै ध्यान नपुऱ्याएको देखिन्छ । छोराहरुलाई अलि ठूलो भए धनिहरुको घरमा नोकरी लगाई पैसा आर्जन गराउने घरपरिवार चलाउन सहयोग पाएको कुरा उल्लिखित छन् । औपचारिक वा अनौपचारिक शिक्षा तर्फ उनीहरुको सहभागिता ज्यादै कम रहेको उल्लेख गर्नु भएको छ (सिंह, २०६४) ।

सिंहले मुसहर जातिका मानिसहरुले आफ्ना बालबालिकाहरु विद्यालय नपठाउने कारणहरुमा जोड दिएको छ भने लामिछानेले सम्पूर्ण दलित जातिका बालबालिकाहरु विद्यालयमा प्राथमिक तह पूरा नगरी कक्षा छाड्ने कारणहरु औल्याउनु भएको छ । सिंहका अनुसार महिला र पुरुष दुवै कृषि मजदुरीमा लागि आफ्ना छोराछोरीहरुलाई स-साना बालबच्चाको स्याहार सुसार कार्यमा लगाउने गर्छन भने लामिछानेका अनुसार विद्यालयमा अध्ययन चलिरहेकै वेला आइपर्ने विभिन्न समस्या बाधाव्यबधानको कारणले

प्राथमिक स्तर पूरा नगरीकन बिचैमा आफ्नो अध्ययन रोक्नु परेका हुन्छन् भने कुरा औल्याउनु भएको छ । (पूर्वत)

राय (२०६१) का अनुसार चेतना, अशिक्षा र अज्ञानताको कारणले परम्परागत मुल्य, मान्यता, उपचार प्रविधि शैक्षिक मार्ग उन्मुलन हुन सकेको छैन् । वैकल्पिक सिपको अभावले गर्दा कृषि, मजदुरी बाहेक अन्य शैक्षिक रोजगारले अध्ययनबाट वञ्चित छन् । उनीहरुको रह्नसह्न निक्कै सरल रहेको पाईन्छ । दिनभर ज्यालामजदुरी गरी साँझपख जहान परिवारबीच बसी रमाउने, थोरै आवश्यकतामा बाँच्ने, साँझ र बिहान हातमुख जोर्ने तथा अङ्ग ढाक्न लुगा लगाउनु मात्र आफ्नो आवश्यकता ठान्ने गर्दछन् । केटाकेटीहरुलाई विद्यालय पठाउनु पर्छ, भन्ने अवधारणाबाट अनभिज्ञ रहेको पाईन्छ । आर्थिक विप्पनताका कारण स्कुल उमेरका बालबालिकालाई वालश्रममा लगाउने गरेको पाईन्छ (राय, २०६१) ।

रायले दलित जातिका मानिसहरुको रहनसहन सरल रहेको अशिक्षा र अज्ञानताले उनीहरु पूरानै पेसामा लागि वैकल्पिक सीप नअपनाएको थोरै आवश्यक्तामा बाँच्ने छोराछोरीलाई विद्यालय पठाउनु पर्छ भने अवधारणावाट अनभिज्ञ रहेको कुरा औल्याउनु भएको छ भने लम्सालले सामाजिक, आर्थिक र राजनैतिक कारणले दलित जातका मानिसहरुको सम्पूर्ण बालबालिका विद्यालयमा भर्ना हुन नपाएको कमै उमेरमा विवाह हुनु, ज्यालामजदुरी गर्नुपर्ने, भाइ बहिनीहरुको स्याहार गर्नुपर्ने कारणले तथा अभिभावकहरुमा जनचेथनाको अभावको कारणले दलित विद्यार्थीहरु विद्यालय पुग्न नसकेका कुरा उल्लेख गर्नुभएको छ । (पूर्वत)

लम्साल (२०५६) का अनुसार सामाजिक, संस्कृतिक, आर्थिकर राजनैतिक कारणले गर्दा सम्पूर्ण दलितछात्राहरु विद्यालयमा भर्ना हुन पाउँदैन् भन्ने कुरा औल्याउनु भएको छ । यसमा उहाँले कमै उमेरमा विवाह हुनु, ज्यालामजदुरी गर्नु पर्ने, भाई बहिनीहरुको स्याहार गर्नुपर्ने, किताब, कापी किन्न पैसा नपुग्नु, दैनिक आयका श्रोत नहुनु, आर्थिक रुपले कमजोर हुनु, पढाइप्रति आमाबाबुको सकारात्मक धारणा नहुनु, शैक्षिक वातावरण र जनचेतनाको अभाव हुनु भन्ने कुरा उल्लेख गर्नु भएको छ (लम्साल, २०५६) ।

यस प्रकार विभिन्न विद्वानहरुको अनुसन्धान एवम् रचनामा दलित जातकाकिशोर किशोरीहरुको प्राथमिक तह पूरा नगरी कक्षा छाड्ने कारण तथा प्राथमिक तहमा उनीहरुको सहभागिताको वारेमा अध्ययन गरिएको छ र दलित किशोरीहरुको कक्षा छाड्ने मुख्य कारणमा आर्थिक अवस्था कमजोर भई घरायसी कार्यको बोझ उल्लेख गरिएको छ भने यस अध्ययनमा शोधकर्ताले माध्यमिक तहमा दलित किशोरीहरुको कक्षा छाड्ने कारण तथासहभागिता वारे अध्ययन गरी नयाँ आयाम थपेको छ भने कक्षा छाड्ने मुख्य कारणमा १२ वर्ष भन्दा कम उमेरमा विहेवारी हो ।

## २.३ शैक्षिक उपादेयता

अनुसन्धान प्रतिवेदनमा पूर्व साहित्यको समिक्षा वा सिद्धान्तको पुनरावलोकन गर्नाले सम्बन्धित विषय तथा क्षेत्रको जानकारी लिन, नयाँ विषयवस्तु खोज तथा विषयवस्तुको गहिराईमा पुग्न सकिन्छ । तसर्थ शोधकर्ताले आफ्नो अध्ययनको क्षेत्रमा प्रकाशित गरिएको पुस्तक, पत्रपत्रिका, लेख, रचना, कृतिहरु तथा सिद्धान्तहरुको अध्ययन गरी त्यसको सारांसलाई आफ्नो अध्ययनमा उल्लेख गर्नुपर्दछ । यसो गर्नाले अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमान समयसम्म पनि अज्ञात रहेका वा परीक्षण नगरिएका प्रमाण वारे जानकारी प्राप्त गरेर पूर्व सिद्धान्तमा आधारित रहि आफ्ना अनुसन्धानमा

त्यो भन्दा बढी वा नयाँ कुरा खोज गर्नु अर्थात विल्कुलै नयाँ, अर्थपूर्ण र समस्या केन्द्रित बनाई निष्कर्षमा पुग्न सक्नु नै अनुसन्धानको शैक्षिक उपादेयता हो ।

यस शोधमाधनुषा क्षेत्र नं. १ सामुदायिकविद्यालयको माध्यमिक स्तर पूरा नगरी विद्यालय छाड्नेछात्राहरुको अवस्थालाई लिईएको छ ।सामुदायिक विद्यालयको माध्यमिक तहमा छात्राहरुको सहभागितामा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी ती समस्याको समाधानका उपायहरु पतालगाउनु रहेको छ । तसर्थ शोधकर्तावाट पूर्व शोधकर्ताहरुका शोधपत्रमा के कति अध्ययन गरिएको छ, त्यसका उद्देश्य, प्रयोग गरिएका साधन, विधि तथा सुझावहरुको वृहत अध्ययन गरी आवश्यकता अनुसार तालिका र प्रतिशतमा बदलेर विश्लेषण गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अनुसन्धान कार्यको लागि तथ्याङ्कसङ्कलन गर्ने, प्रस्तुतीकरण गरी विश्लेषण गर्ने र अन्त्यमा निष्कर्षमा पुग्ने विधिलाई अध्ययन विधि भनिन्छ । यसमा अध्ययनको लागि कति जनसंख्या राख्ने ? कुन विधिबाट नमुना छनौट गर्ने ? त्यसका लागि कुनकुन औजार प्रयोग गर्ने ? तथ्याङ्क कसरी सङ्कलन गर्ने ? र अन्त्यमा सङ्कलित तथ्याङ्कलाई कसरी विश्लेषण गर्ने जस्ता कुराहरुको बारेमा अध्ययन गरिन्छ । अर्थात अनुसन्धान कार्य सम्पन्न गर्ने विधिलाई अध्ययन विधि भनिन्छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान कार्यको लागि गरिने एक वृहत् योजना हो । प्रस्तावित अध्ययनको उद्देश्य हाँसिल गर्ने अपेक्षा गरी बनाईएको योजना नै अनुसन्धान ढाँचा हो । अनुसन्धान कार्यमा नमुना छनोट सामान्य सम्भावना युक्त नुमना छनोट विधिद्वारा गरिएको छ । सङ्कलित तथ्याङ्करुलाई संख्यात्मक रुपमा टेवुल, चार्ट, ग्राफमा प्रयोग गरी विश्लेषण गरिएकोले  यो अध्ययन परिमाणात्मक प्रकृतिको भएको हो । यस कार्यमा अधिकांश ठाँउमा वर्णनात्मक विधिको प्रयोग पनि गरिएको छ जसले गर्दा यो गुणात्मक प्रकृतिको पनि भएको छ । अर्थात् यो अनुसन्धान संख्यात्मक र गुणात्मकको संयुक्त अर्थात् मिश्रित अनुसन्धान ढाँचाको हुन गएको छ  ।

## ३.२ जनसंख्या तथा नमुना छनोट

अनुसन्धान कर्ताको रुची अनुसार एकै किसिमका विशेषता मिल्ने सम्बन्धित सम्पूर्ण सदस्यहरुको समुहलाई जनसंख्या मानिने भएकोले यसधनुषा निर्वाचन क्षेत्र नं. १ का सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयका माध्यमिक तहका छात्राहरुसँग सम्बन्धित पक्षहरु अध्ययनका जनसंख्या हुन । त्यसको लागि धनुषा जिल्ला शिक्षा कार्यलयको अभिलेखवाटधनुषा निर्वाचन क्षेत्र नं. १भित्र पर्ने सामुदायिक माध्यमिक विद्यालयहरुको सूची लिइएको छ ।७ सामुदायिक विद्यालयहरु मध्ये ४ वटा विद्यालयहरुलाई नमुना स्वरुप लिइएको छ। जसमा ४ वटै विद्यालयका प्र.अ. हरु, २/२ जना शिक्षक/शिक्षिका, ४/४ जना छात्राहरु र ४/४ जना अभिभावकलाईलिइएको छ ।

धनुषा निर्वाचन क्षेत्र नं. १ का ७ सामुदायिक विद्यालयहरुको नाम लेखेर ति मध्ये चार सामुदायिक विद्यालय सामान्य सम्भावनायुक्त नमुना छनोट विधिवाट गरिएको छ ।यसरी छानिएका ४ वटै विद्यालयका प्र.अ. हरु उद्देश्यपूर्ण नमुना छनोट विधिवाट माध्यमिक तहमा अध्यापन गराउने २/२ जना शिक्षक/शिक्षिक, ४/४ छात्राहरुसामान्य सम्भावनायुक्त छनोट विधिको आधारमा छानिएको छ । साथै छनोट गरिएका प्रत्येक छात्राहरुका अभिभावकहरुलाई उद्देश्यपूर्ण नमुना छनोट विधिवाट छानिएको छ।

## ३.३ तथ्याङ्क सङ्कलनका विधि

छनौट गरिएका जनसंख्या विभिन्न स्रोत र अभिलेखहरुवाट लिइएको जानकारीलाई तथ्याङ्क (Data) भनिन्छ । तथ्याङ्क दुई प्रकारका हुन्छन् । प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्क । दुवै प्रकारका तथ्याङ्कहरु सङ्कलनको लागि अनुसन्धानकर्तावाट निम्न अनुसारको साधनहरु (औजार) को निर्मान गरिएको छ।

### ३.३.१ प्रश्नावली

शैक्षिक, मनोवैज्ञानिक तथा जुनसुकै पनि क्षेत्रमा अध्ययन अनुसन्धानको लागि प्रश्नावलीलाई ज्यादै लोकप्रिय विधि मानिएको छ । यस विधिद्वारा प्राप्त गर्न खोजिएको विभिन्न जानकारीहरु सजिलैसित प्राप्त हुन्छ । प्रश्नावली बन्द र खुला गरी जम्मा दुई प्रकारका हुन्छन् ।

यस अध्ययनको नमुनामा परेका प्र.अ. र शिक्षक/शिक्षिकाहरुको लागि १२ वटा, विद्यार्थीहरुको लागि १६ वटा, अभिभावकहरुको लागि १६ वटा र यस्तै नमुनामा परेको अन्य व्यक्तिहरुको लागि बन्द र खुला प्रश्नावली बनाई छनोटमा परेका प्रधानाध्यापक, शिक्षक/शिक्षिका,छात्राहरु र अभिभावकहरुवाट भराइएको छ ।

### ३.३.२ अन्तर्वार्ता

अनुसन्धानकर्ता र उत्तरदाता टेलिफोनद्वारा वा आमने सामने उपस्थित भई गर्ने मौखिक सञ्चारविनिमयको कियालाई अन्तर्वार्ता भनिन्छ । यो संरचित र असंरचित गरी दुई प्रकारका हुन्छन् । प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विभिन्न विधिहरु मध्ये यो पनि एक प्रभावकारी विधि हो । अनुसन्धानकर्ता स्वयं नमुनामा परेका विभिन्न जनसंख्याहरुबीच पुगी संरचित अन्तर्वार्ता छनोटमा परेका प्र.अ., शिक्षक/शिक्षिका, छात्राहरु र अभिभावकहरुवाट लिइएको छ ।

### ३.३.३ अवलोकन

अवलोकन भनेको वस्तु वा क्रिया प्रतिको व्यवस्थित हेराइ हो । जसको अर्थ सम्वन्धित ठाँउमा पुगी त्यसको विभिन्न क्रियाकलापहरुलाई सावधानीपूर्वक अध्ययन गर्नु हो । प्राथमिक तथ्याङ्क सञ्कलन गर्ने यो एक प्रमुख र प्रभावकारी विधि हो । शोधकर्ता स्वयं नमुनामा परेको विभिन्न विद्यालयमा पुगी माध्यमिक स्तरमा अध्ययनरत छात्राहरुर सम्बन्धित सम्पूर्ण पक्षहरुको अवलोकन गरी विभिन्न तथ्याङ्कहरु सङ्कलन गरी डायरीमा टिपोट गरिएको छ ।

### ३.३.४ समुहगत छलफल

अध्ययनको उद्देश्यसँग सम्वन्धित विभिन्न आवश्यक सूचनाहरु सङ्कलन गर्नको लागि शोधकर्ताद्वारा छनोटमा परेका छात्राहरु प्र.अ., शिक्षक/शिक्षिका र अभिभावकहरुसँग समुहमा बसेर समुहगत छलफल गरिएको छ।

### ३.३.५ सर्वेक्षण फारम

द्वितीय तथ्याङ्कहरुसङ्कलन गर्नको लागि शोधकर्ताले कम्तिमा पनि तीन वर्षको माध्यमिक तहमा अध्ययनरत छात्राहरुको परीक्षाफल, विद्यालय भर्ना, कक्षा दोहऱ्याउने, कक्षा छाड्ने दरको साथै जि.शि.का., स्रोत केन्द्र तथा विद्यालयवाट विभिन्न प्रकारका द्वितीय तथ्याङ्कहरु सङ्कलनको लागि अध्ययन स्थलमा पुग्नु पहिले नै विभिन्न प्रकारका सर्वेक्षण फारमहरु विकसीत गरिएको छ। सम्वन्धित ठाउँमा पूगी ती फारमहरु भराइएको छ ।

### ३.४ तथ्याङ्कका स्रोतहरु

तथ्याङ्क जम्मा दुई प्रकारका हुन्छन । प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्क । प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा चार विद्यालयका सोह्र छात्रा,तिनीहरुका अभिभावक तथा प्र.अ. लगायत तीन/तीन जना शिक्षक/शिक्षिका गरी बाह्र जानालाई लिइएको छभने द्वितीय तथ्याङ्कको स्रोतको रुपमा छनोटमा परेका विद्यालयका अभिलेख तथा जि.शि.का. र स्रोत केन्द्रका तीन वर्षको अभिलेखलाई लिइएको छ ।

### ३.५ तथ्याङ्ग संकलनका प्रक्रिया

अध्ययनको लागी प्राथमिक र सहायक गरी दुई प्रकार बाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.५.१ प्राथमिक तथ्याङ्क

प्राथमिक नमूनामा परेको विद्यालयहरुमा पुगी पहिले सम्बन्धित जनसंख्या सँग अनुमति लिई प्रश्नावली वनाइ समय स्थान तोकि सोधकर्ता वाट उनिहरु समक्ष स्वयम पुगेर प्रश्नावली भराइएको छ ।

#### ३.५.२ द्वितिय तथ्याङ्ग

द्वितिय तथ्याङ्गको लागी सम्बन्धित व्यक्तिलाई अध्ययन वारे जानकारी गराई उनीहरुवाट द्वतिय तथ्याङ्ग सङ्गलन गरिएको छ यो विद्यालयको विभिन्न अभिलेख वाट सङ्गलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकिया

तथ्याङ्क विश्लेषण भनेको सङ्कलित तथ्याङ्कलाई सजिलैसित सही रुपले बुझ्न सक्ने बनाउनु हो । विभिन्न श्रोतवाट प्राप्त तथ्याङ्कलाई सहिरुपले बुझ्न यसको विश्लेषण गरिनु पर्छ । विश्लेषण नगरिएको तथ्याङ्क पूर्ण भएको मानिदैन । तथ्याङ्कवाट प्राप्त गर्न खोजिएका कुराहरु के के हुन ? तथ्याङ्कले के बोल्छ ? यसको अध्ययनले विषयवस्तुलाई कति हदसम्म समेट्न सक्छ ? आदि कुराको निक्यौंल गर्न तथ्याङ्कको विश्लेषण गर्नु पर्दछ । विभिन्न औजारहरुको प्रयोगद्वारा सङ्कलित प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई शोधकर्तावाट सावधानिपूर्वक सुचिवद्ध गरी तिनीहरुको प्रकृति अनुसार वर्गीकृत गरिएको छ। प्राप्त सुचनाहरुलाई स्पष्ट बुझिने, आवश्यक्ता अनुसार तालिकीकरण गरी संख्या तथा प्रतिशतका माध्यमवाट तथयाङ्क विश्लेषण र व्याख्या  गरिएको छभने वर्णनात्मक प्रकृतिको तथ्याङ्कलाई वर्णनात्मक प्रद्धति अनुसार व्याख्या र विश्लेषण गरिएको छ।

# परिच्छेद चार

# नतिजा विश्लेषण

शैक्षिक प्रगतिलाई देखाउने सुचकको आधारमा विद्यालयको शैक्षिक प्रगति थाहा पाउन सकिन्छ । त्यस्तै रुपले कुनै पनि क्षेत्रमा वसोवास गरिरहेको विद्यार्थीहरु मध्ये कति विद्यार्थी छात्राहरु छन् र ती छात्राहरु के कति कारणले विद्यालय छाड्न गइरहेको छ र विद्यालय छाड्नाका मुख्य कारणहरु र विद्यालय छाड्नवाट रोक लगाई अत्तिरिक्त क्रियाकलापमा सहभागिता बढाउन के कस्ता उपायहरु अवलम्वन गर्नुपर्छ भन्ने कुरा त्यस क्षेत्रको अध्ययनले विश्लेषण तथा व्याख्या गर्दछ । तसर्थ यस तथ्याङ्क सङ्कलनका प्रमुख श्रोतहरु विद्यालय अभिलेख, श्रोत केन्द्र अभिलेख, जि.शि.का. अभिलेख तथा प्रश्नावली रहेका छन् । तथ्याङ्क सङ्कलनको लागि तयार पारिएको विभिन्न साधनको सहयतावाट सङ्कलित तथ्याङ्कलाई विश्लेषण तथा प्रस्तुतीकरण गर्नुपर्दछ । जव सम्म तथ्याङ्कको सहि विश्लेषण गरिदैन तव सम्म सहि निष्कर्ष निस्कदैन । तसर्थ् तथ्याङ्कको सहि विश्लेषणको आधारमा नै विषयवस्तुको समस्याको बारेमा निष्कर्षमा पूगी अध्ययनलाई व्यवहारिक र वस्तुपरक बनाउन सकिन्छ । स्थलगत अध्ययनवाट प्राप्त प्रतिकिया र तथ्याङ्कलाई उद्देश्य र अनुसन्धानात्मक प्रश्नमा आधारित रहि संख्या र प्रतिशतलाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१ माध्यमिक विद्यालय तहमा छात्राहरुको शैक्षिक अवस्था

महिलाहरु आर्थकि, शैक्षिक, सामजिक र राजनैतिक रुपले पिछिडिएको पाइन्छ । उनीहरु पुरुषहरुवाट शेषित रुपमा रहेका छन् । चेतनाको कमिले उनीहरुका धेरैजसो

छात्राहरुविद्यालयसम्म पुग्न पाएका छैन । विद्यालयसम्म पुग्नेहरुमा पनि माध्यमिक तहसम्म पुग्दा-पुग्दै धेरै जसोले कक्षा छाड्ने गर्छन ।

नमुना छनोटमा परेका विद्यालयहरुमा पूगी अध्ययनको उद्देश्य अनुसारको विभिन्न द्वितीय तथ्याङ्कहरु सम्बन्धित व्यक्तिको सहयोगमा सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कहरुलाई तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

### ४.१.१ छात्राहरुको भर्नाको अवस्था

छात्राहरुको तुलनामा विद्यालयमा छात्राहरुको भर्ना कम हुन्छन । आर्थिक कठिनाई, परिवार  संख्या बढी, चेतनाको कमि र अन्य कारणहरुले गर्दा छात्राहरु कमै संख्यामा विद्यालयमा भर्ना भएका हुन्छन ।

सामुदायिक विद्यालयको माध्यमिक तहमा शैक्षिक वर्ष २०६८, २०६९ र २०७० मा छात्राहरुको भर्ना संख्या निम्नानुसारको पाइयो ।

**तालिका १ : तीनशैक्षिक वर्षको छात्राहरुको भर्ना संख्या**

| कक्षा | शैक्षिक वर्ष २०६८ | | | शैक्षिक वर्ष २०६९ | | | शैक्षिक वर्ष २०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | द.छा. | अ.छा. | जम्मा | द.छा. | अ.छा. | जम्मा | द.छा. | अ.छा | जम्मा |
| ९ | ४५ | २५५ | ३०० | ४८ | २९२ | ३४० | ५६ | २९८ | ३५४ |
| १० | ३९ | २४६ | २८५ | ३५ | २७२ | ३०७ | ४२ | २७६ | ३१८ |

| जम्मा | ८४ | ५०१ | ५८५ | ८३ | ५६४ | ६४७ | ९८ | ५७४ | ६७२ |
|---|---|---|---|---|---|---|---|---|---|

(श्रोत: विद्यालयकोअभिलेख, २०७०)

धनुषा निर्वाचन क्षेत्र नं. १ का नमुना सर्वेक्षणमा परेका ४ वटा विद्यालयहरुको माध्यमिक तहमा शैक्षिक वर्ष २०६८ मा कक्षा ९ र १० दुवैमा अन्य छात्राहरुको भन्दा दलित छात्राहरुको भर्ना कम देखिन्छ भने शैक्षिक वर्ष २०६९ मा आएर पनि कक्षा ९ मा दलित छात्राको भन्दा  अन्य छात्राकै भर्ना बढी भएको देखिन्छ।

### ४.१.२ छात्राहरुको कक्षा छाड्ने अवस्था

छात्राहरुको माध्यमिक स्तर पूरा नगरी बिचैमा कक्षा छाड्ने कारण अधिकांश छात्राहरुको आर्थिक स्थिति कमजोर हुन्छन। विद्यालयमा उनीहरुका साथीहरुले कतिपयलाई तल्लो जात भनेर गिज्याउने गर्छन। गरिवीको कारणले घरायसी कार्य गराउने तर्फ अभिभावकको इच्छा हुन्छन। विद्यालयमा शिक्षक/शिक्षिकाहरुवाट राम्रो माया पाएका हुदैनन। छाात्राहरुको लागि विद्यालयमा पढ्ने वातावरण विद्यालयले तयार पारेका हुदैनन्। उनीहरुको कमै उमेरमा बिहे हुन्छन। सामुदायिक विद्यालयको माध्यमिक तहमा शैक्षिक वर्ष २०६८, २०६९ र २०७० मा माध्यमिक तह पूरा नगरी कक्षा छाड्ने छात्राहरुको संख्या विवरण तालिकामा देखाइएको छ।

**तालिका २ : कक्षा छाड्ने छात्रा संख्या**

| कक्षा | | शैक्षिक वर्ष २०६८ | | शैक्षिक वर्ष २०६९ | | शैक्षिक वर्ष २०७० | |
|---|---|---|---|---|---|---|---|
| | | ज.छा.सं | क.छा.सं | ज.छा.सं | क.छा.सं | ज.छा.सं | क.छा.सं |
| | द.छात्रा | ४५ | ०२ | ४८ | ०२ | ५६ | ०३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | अ.छात्रा | २५५ | ०५ | २९२ | ०४ | २९८ | ०४ |
| | जम्मा | ३०० | ०७ | ३४० | ०६ | ३५४ | ०७ |
| १० | द.छात्रा | ३९ | ०१ | ३५ | ०२ | ४२ | ०२ |
| | अ.छात्रा | २४६ | ०३ | २७२ | ०६ | २७६ | ०४ |
| | जम्मा | २८५ | ०४ | ३०७ | ०८ | ३१८ | ०६ |
| कुल जम्मा | | ५८५ | ११ | ६४७ | १४ | ६७२ | ११ |

(श्रोत : विद्यालयको अभिलेख, २०७०)

माथि उल्लिखित तथ्याङ्कको अध्ययन गर्दा छनोटमा परेका धनुषा निर्वाचन क्षेत्र नं. १ का ४ विद्यालयहरुको माध्यमिक तहमा शैक्षिक वर्ष २०६८, २०६९ र २०७० मा क्रमशः ११,१४ र ११ जनाछात्राहरुले माध्यमिक तहमा उत्तीर्ण नगरी कक्षा छोडेको पाइयो ।

### ४.१.३ छात्राहरुको कक्षा दोहऱ्याउने अवस्था

अभिभावक र छात्राहरुमा शैक्षिक चेतनाको अभाव हुन्छन् । उनीहरु एक तर्फ विद्यालयमा भर्ना नै हुन नचाहेका हुन्छन् । तर भर्ना भैइहाले पनि विद्यालयमा उनीहरुको उपस्थिती अनियमित हुन्छन् । प्रायः कक्षामा अनुपस्थित हुन्छन् । घरायसी कार्यको बोझले विद्यालयको गृहकार्य गर्ने गर्दैन । घरमा पनि पढाइको वातावरण हुँदैन । यसरी उनीहरु पढाइमा कमजोर हुँदै जान्छन । बार्षिक परीक्षामा उपस्थित भइहाले पनि तह पार गर्न नसकी कक्षा दोहऱ्याउन बाध्य हुन्छन् । यसवाट सरकारले त्यस्ता विद्यार्थीको लागि दोहोरो लगानी गर्नुपर्ने भई राष्ट्रका अन्य विकास कार्यहरु रोकिन जान्छ ।

नमुना छनोटमा परेका ४ विद्यालयका माध्यमिक तहमा शैक्षिक वर्ष २०६८, २०६९ र २०७० मा कक्षा दोहऱ्याउने छात्राहरुको संख्या तलको तालिकामा देखाइएको छ ।

**तालिका ३ : कक्षा दोहऱ्याउने छात्रा संख्या**

| कक्षा | | शैक्षिक वर्ष २०६८ | | शैक्षिक वर्ष २०६९ | | शैक्षिक वर्ष २०७० | |
|---|---|---|---|---|---|---|---|
| | | ज.छा.स | क.दो. छा.सं | ज.छा | क.दो. छा.स | ज.छा | क.दो. छा.सं |
| ९ | द.छात्रा | ४५ | ०२ | ४८ | ०१ | ५६ | ०२ |
| | अ.छात्रा | २५५ | ०३ | २९२ | ०३ | २९८ | ०४ |
| | जम्मा | ३०० | ०५ | ३४० | ०४ | ३५४ | ०६ |
| १ | द.छात्रा | ३९ | ०१ | ३५ | ०२ | ४२ | ०३ |
| | अ.छात्रा | २४६ | ०४ | २७२ | ०५ | २७६ | ०७ |
| | जम्मा | २८५ | ०५ | ३०७ | ०७ | ३१८ | १० |
| कुल जम्मा | | ५८५ | १० | ६४७ | ११ | ६७२ | १६ |

(श्रोत : विद्यालयको अभिलेख)

यसरी कक्षा दोहऱ्याउने दर बढ्दै जाँदा त्यस्ता विद्यार्थीहरुमा सरकारले अन्य विकास कार्य वाट कटौती गरी दोहोरो लगानी गर्नुपर्ने भएकोले देशको विकास कार्य पछाड़ितिर धकेलिदै जाने छ भन्ने कुरा निर्विवाद छ ।

### ४.१.४ छात्राहरुको तह पार गर्ने अवस्था

विद्यालय एउटा सामाजिक संस्था हो । यसमा विभिन्न वर्ग, जात, पेशा र समुदायका विद्यार्थीहरु अध्ययन गर्ने गर्छन । विद्यालयमा उच्च जात र शिक्षित समुदायका छात्राहरुको तह पार गर्ने दर बढी हुन्छन भने तल्लो जात र अशिक्षित समुदायका छात्राहरुको तह पार गर्ने दर कम हुन्छन ।

जन्मैदेखि कोही पनि तेज (राम्रो) र कमजोर हुँदैन । वातावरणमा परेर नै मानिस तेज(राम्रो) र कमजोर हुन जान्छन् । वातावरण राम्रो पायो भने तेज र खराव पायो भने कमजोर हुन जान्छ । घरपरिवारमा पढाइको वातावरण छ , परिवारका सदस्यहरु शिक्षित छन भने त्यस परिवारका छात्राहरु पनि पढाइतर्फ ध्यान दिई राम्रो विद्यार्थी बन्न गई एकै पटकमा तह पार गर्छन । समयमै राम्रो शिक्षा हाँसिल गर्न सकि देशको लागि दक्ष जनशक्ति तयार भई देशविकासमा ठूलो सहयोग पुऱ्याउछन । तसर्थ हामी सबैले सम्पूर्ण छात्राहरुको भविश्य उज्यालो बनाउन पढाइको वातावरण बनाई आफ्नो सन्तानलाई सभ्य बनाउनु पर्ने हुन्छ ।

नमुना छनोटमा परेका ४ विद्यालयका माध्यमिक तहमा शैक्षिक वर्ष २०६८, २०६९ र २०७० मा तह पार गर्ने छात्रा संख्या विवरण तालिकामा देखाइएको छ ।

**तालिका ४ : तह पार गर्ने छात्रा संख्या**

| शैक्षिक वर्ष | | कक्षा ९ | | | कक्षा १० | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा. | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | जम्मा |
| | जम्मा | ४५ | २५५ | ३०० | ३९ | २४६ | २८५ | ५८५ |

| शैक्षिक वर्ष | | कक्षा ९ | | | कक्षा १० | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा. | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | जम्मा |
| २०६८ | छात्रा.संख्या | | | | | | | |
| | प.स.छा.संख्या | ४३ | २५० | २९३ | ३८ | २४३ | २८१ | ५७४ |
| | उत्तीर्ण छा. संख्या | ४२ | २५० | २९२ | ३६ | २४० | २७६ | ५६८ |
| २०६९ | जम्मा छा.संख्या | ४८ | २९२ | ३४० | ३५ | २७२ | ३०७ | ६४७ |
| | प.स. छा .सं | ४६ | २८८ | ३३४ | ३३ | २६६ | २९९ | ६३३ |
| | उत्तीर्ण छा. संख्या | ४५ | २८१ | ३२६ | ३३ | २६४ | २९७ | ५२३ |
| २०७० | जम्मा छा.संख्या | ५६ | २९८ | ३५४ | ४२ | २७६ | ३१८ | ६७२ |
| | प.स.छा.सं | ५३ | २९४ | ३४७ | ४० | २७२ | ३१२ | ६५९ |
| | उत्तीर्ण.छा.संख्या | ५१ | २९० | ३४१ | ४० | २७० | ३१० | ६५१ |

(श्रोत : विद्यालयको अभिलेख)

यसरी घट्दो उत्तीर्ण प्रतिशतलाई बढाउन नसकेको खण्डमा छात्राहरुको अनुत्तीर्ण दर अनियमित हुन गई विभिन्न समस्याहरु उत्पन हुनुको साथै छात्राहरुमा विद्यालय जाने प्रवृती घट्दै जाने कुरा अनुमान लगाउन सकिन्छ ।

### ४.१.५ छात्राहरुकोउदार कक्षो निति

अधिकांशछात्राहरुको परिवारमा विभिन्न समस्याहरुको कारणले पढाइको वातावरण हुँदैन छात्राहरुमा चेतनाको अभावले गर्दा कक्षामा नियमित रुपले उपस्थित नभई पढनमा कमजोर हुन्छ । जसले गर्दा कक्षाको अन्तिम परीक्षामा तह पार गर्न सकेका हुँदैन । तह पार गर्न नसकेका छात्राहरुमा कतिपयले विद्यालय नै छाडिदिन्छ भने कतिपयले कक्षा दोहऱ्याउने गर्छन । कक्षा दोहऱ्याउने छात्राहरुले अर्को विद्यार्थीको ठाँउ ओग्टने भएकोले नितीहरुको लागि राज्यलाई दोहोरो लगानी गर्नुपर्ने हुन्छ ।

नमुना छनोटमा परेका ४ विद्यालयका माध्यमिक तहमा शैक्षिक वर्ष २०६८, २०६९ र २०७० मा तह पार नगर्ने छात्रा संख्या विवरण तालिकामा देखाइएको छ ।

**तालिका ५ : तह पार नगर्ने छात्रा संख्या**

| शैक्षिक वर्ष | | कक्षा ९ | | | कक्षा १० | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा. | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | जम्मा |
| २०६८ | जम्मा छात्रा.संख्या | ४५ | २५५ | ३०० | ३९ | २४६ | २८५ | ५८५ |
| | प.स.छा.संख्या | ४३ | २५० | २९३ | ३८ | २४३ | २८१ | ५७४ |
| | अनुत्तीर्ण छा. सं. | ०१ | ०० | ०१ | ०२ | ०३ | ०५ | ०६ |
| २०६९ | जम्मा छा.संख्या | ४८ | २९२ | ३४० | ३५ | २७२ | ३०७ | ६४७ |
| | प.स. छा .सं | ४६ | २८८ | ३३४ | ३३ | २६६ | २९९ | ६३३ |
| | अनुत्तीर्ण छा. सं. | ०१ | ०७ | ०८ | ०० | ०२ | ०२ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७० | जम्मा छा.संख्या | ५६ | २९८ | ३५४ | ४२ | २७६ | ३१८ | ६७२ |
| | प.स.छा.सं | ५३ | २९४ | ३४७ | ४० | २७२ | ३१२ | ६५९ |
| | अनुत्तीर्ण छा. सं. | ०२ | ०४ | ०६ | ०० | ०२ | ०२ | ०८ |

(श्रोत : विद्यालयको अभिलेख)

यसरी तह पार गर्न नसक्ने विद्यार्थीहरुको लागि राष्ट्रले अर्को वर्ष त्यही कक्षामा फेरी दोहोरो लगानी गर्नुपर्ने हुन्छ र राष्ट्रका अन्य विकास कार्यका रकम उनीहरुकै पढाइमा दोहेरो लगानी गर्नुपर्ने हुन्छ । यो समस्यालाई समयमै रोक्न नसके पछि गएर छात्राहरुको पढाइप्रतिको आकर्षण घट्दै गई देशले ठूलो क्षति व्यहोर्नु पर्ने कुरा निर्विवाद छ । छात्राहरुको माध्यमिक तहमा भर्ना बढाइ कक्षा छाडने तथा कक्षा दोहऱ्याउने दर घटाइ उत्तीर्ण दर बढाइ सहभागिता बढाउन पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड सिद्धान्त अपनाउनु पर्ने हुन्छ ।

## ४.२ माध्यमिक तहमा छात्राहरुको अत्तिरिक्त क्रियाकलापमा सहभागिता

छात्राहरुको चौतर्फी विकास गराउनको लागि ज्यादै आवश्यक हुन्छ यसको माध्यमवाट छात्राहरुको शारीरिक, मानसिक, सामाजिक र सम्वेगात्मक स्वास्थ्य विकासमा सघाउ पुग्दछ । अत्तिरिक्त क्रियाकलाप अन्तर्गत पर्ने विभिन्न खेलकुदको माध्यमले छात्राहरुमा शारीरिक तागत, चपलता , वेग र शरीरलाई नियन्तरण गर्ने तथा सामाजिक गुणहरुको विकास भइए आत्मविश्वासको पनि विकास हुन्छ । यसवाट छात्राहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन भई नेतृत्व गर्न सक्ने क्षमताको समेत विकास भई भविष्यमा असल नागरिक बन्न सहयोग पुऱ्याउँछ ।

घेरै जसो छात्राहरु पढाइमा कमजोर हुन्छन् । विद्यालयमा पनि नियमित रुपले उपस्थित हुँदैन । सम्पूर्ण विद्यार्थीको तुल्नामा कमै छात्राहरुले विद्यालयले आयोजना गर्ने कार्यक्रमहरुमा भाग लिएका हुन्छन् । पाठ्यक्रमको एक महत्वपूर्ण अङ्ग विद्यालयका अत्तिरिक्त क्रियाकलापहरु पनि छन् । अत्तिरिक्त क्रियाकलापवाट विद्यार्थीहरुको शारीरिक र मानसिक हुनुको साथै साथीभाईहरुसँगको मेलमिलाप बढ्न गई नेतृत्व गर्ने क्षमताको विकास पनि हुन्छ । तिनीहरुले विद्यालयको सम्पूर्ण क्रियाकलापहरु जस्तै हाजरीजवाफ, बकतृत्वकला, निबन्ध, वादविवाद, खेलकुद प्रतियोगिता इत्यादिमा भाग लिनु पर्दछ । तर अभ्यासमा यस्तो पाँइदैन । तिनीहरुले विद्यालयले आयोजना गर्ने केही क्रियाकलापहरुमा मात्र भाग लिएको पाइन्छ । हामी सबैले विद्यालयको क्रियाकलापहरुमा भाग लिन तिनीहरुलाई प्रत्साहित गर्नुपर्दछ ।

### ४.२.१ छात्राहरु अत्तिरिक्त क्रियाकलापमा भाग लिएको अवस्था

अधिकांश छात्राहरु लजालु स्वभावका हुन्छन । उनीहरु अत्तिरिक्त क्रियाकलापमाभाग लिन वाट हिचकिचाइरहेका हुन्छन । कमै छात्राले अत्तिरिक्त क्रियाकलापमा भाग लिएका हुन्छन ।

**शैक्षिक वर्ष २०६८ मा छात्राहरु अत्तिरिक्त क्रियाकलापमा भाग लिएको अवस्था**

| क्र. सं. | क्रियाकलाप | कक्षा ९ | | | कक्षा १० | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | |
| १ | चित्रकला र हस्तकला | ०२ | ०८ | १० | ०१ | १२ | १३ | २३ |

| क्र. सं. | क्रियाकलाप | कक्षा ९ | | | कक्षा १० | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | |
| २ | वघ वादन | ०० | ०५ | ०५ | ०१ | ०६ | ०७ | १२ |
| ३ | नृत्य | ०२ | १० | १२ | ०२ | १४ | १६ | २८ |
| ४ | नाटक | ०१ | ०६ | ०७ | ०२ | ११ | १३ | २० |
| ५ | वक्तृत्व कला | ०४ | १३ | १७ | ०३ | १८ | २१ | ३८ |
| ६ | हाजिरी जवाफ | ०३ | ११ | १४ | ०१ | ११ | १२ | २६ |
| ७ | हिज्जे | ०२ | १० | १२ | ०२ | १२ | १४ | २६ |
| ८ | खेलकुद | ०४ | १५ | १९ | ०२ | १० | १२ | २७ |
| ९ | निबन्ध, कविता | ०२ | ११ | १३ | ०१ | १० | ११ | २४ |
| १० | फुलवारी | ०० | ०८ | ०८ | ०० | ०७ | ०७ | १४ |
| ११ | अन्य | ०१ | ०७ | ०८ | ०१ | १२ | १३ | २१ |
| | जम्मा | २० | ११० | १२९ | १८ | १२० | १३६ | २७६ |

(श्रोत:विद्यालयको अभिलेख)

२०६८ सालमा सवभन्दा वदि छात्राहरुले वकतृत्वकला प्रोतियोगितामा भाग लिएको पाइयो भने सवभन्दा कम छात्राहरुले वाघवादन प्रोतियोगितामा भाग लिइको पाइयो ।

कक्षा १०को भन्दा कक्षा ९को वदि छात्राहरुले अक्तिरिक्त कियाकलापमा भाग लिएको पाइयो ।

**४.२.२ शैक्षिक वर्ष २०६९ मा छात्राहरु अत्तिरिक्त कियाकलापमा भाग लिएको अवस्था**

| क. | कियाकलाप | कक्षा ९ | | | कक्षा १० | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | |
| १ | चित्रकला र हस्तकला | ०२ | ०९ | ११ | ०२ | ११ | १३ | २४ |
| २ | वघ वादन | ०१ | ०६ | ०७ | ०१ | ०७ | ०८ | १५ |
| ३ | नृत्य | ०२ | १० | १२ | ०२ | १५ | १७ | २९ |
| ४ | नाटक | ०३ | ०९ | १२ | ०२ | १२ | १४ | २६ |
| ५ | वक्तृत्व कला | ०१ | १३ | १४ | ०४ | २० | २४ | ३८ |
| ६ | हाजिरी जवाफ | ०३ | १२ | १५ | ०२ | १२ | १४ | २९ |
| ७ | हिज्जे | ०२ | १४ | १६ | ०२ | १० | १२ | २८ |
| ८ | खेलकुद | ०३ | १४ | १७ | ०१ | ११ | १२ | २९ |
| ९ | निबन्ध, कविता | ०२ | १० | १२ | ०१ | ०९ | १० | २२ |
| १० | फुलवारी | ०० | ०६ | ०६ | ०० | ०९ | ०९ | १५ |
| ११ | अन्य | ०१ | ०७ | ०७ | ०१ | १३ | १४ | २१ |
| | जम्मा | २० | ११० | १२९ | १८ | १२० | १३७ | २७६ |

(श्रोत:विद्यालयको अभिलेख)

२०६९ सालमा पनि  सवभन्दा वदि छात्राहरुले वकतृत्वकला प्रोतियोगितामा भाग लिएको पाइयो भने सवभन्दा कम छात्राहरुले वाघवादन र फुलवारी प्रोतियोगितामा भाग लिइको पाइयो । त्यस वर्ष कक्षा ९को भन्दा कक्षा १०को वदि छात्राहरुले अक्तिरिक्त कियाकलापमा भाग लिएको पाइयो ।

### ४.२.३ शैक्षिक वर्ष २०७० मा छात्राहरुले भाग लिएको अवस्था

| क. सं. | कियाकलाप | कक्षा ९ | | | कक्षा १० | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | |
| १ | चित्रकला र हस्तकला | ०३ | ११ | १४ | ०२ | १४ | १६ | ३० |
| २ | वघ वादन | ०१ | ०८ | ०९ | ०२ | ०९ | ११ | २० |
| ३ | नृत्य | ०२ | १२ | १४ | ०१ | १३ | १४ | २८ |
| ४ | नाटक | ०२ | ०८ | १० | ०२ | ११ | १३ | २३ |
| ५ | वक्तृत्व कला | ०३ | १४ | १७ | ०३ | १६ | १९ | २६ |
| ६ | हाजिरी जवाफ | ०२ | १२ | १४ | ०२ | १३ | १५ | २९ |
| ७ | हिज्जे | ०१ | १० | ११ | ०२ | १२ | १४ | २५ |
| ८ | खेलकुद | ०३ | १४ | १७ | ०२ | १२ | १४ | ३१ |
| ९ | निबन्ध, | ०२ | १० | १२ | ०१ | ११ | १२ | २४ |

| क्र. सं. | क्रियाकलाप | कक्षा ९ | | | कक्षा १० | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | द.छा | अ.छा | जम्मा | द.छा | अ.छा | जम्मा | |
| | कविता | | | | | | | |
| १० | फुलवारी | ०० | ०९ | ०९ | ०० | १० | १० | १९ |
| ११ | अन्य | ०२ | ०८ | १० | ०२ | ११ | १३ | २३ |
| | जम्मा | २१ | ११६ | १३७ | १९ | १३२ | १५१ | २६८ |

(श्रोत: विद्यालयको अभिलेख)

२०७०सालमासवभन्दा वदि छात्राहरुले खेलकुद प्रोतियोगितामा भाग लिएको पाइयो भने सवभन्दा कम छात्राहरुले फुलवारी प्रोतियोगितामा भाग लिइको पाइयो । त्यस वर्ष कक्षा ९को भन्दा कक्षा १०को १४जना वदि छात्राहरुले अक्तिरिक्त क्रियाकलापमा भाग लिएको पाइयो ।

छात्राहरु विभिन्न घरायसी समस्याको कारणले विधालयमा नियमित रुपले उपस्थित हुँदैन जसले गर्दा विद्यालयले आयोजना गर्ने अक्तिरिक्त कार्यक्रमहरुवारे तिनीहरुलाई अवगत हुन पाउँदैन । साथीहरुसँग पनि राम्रो मेलमिलाप नभएकोले विद्यालयको कार्यक्रमवारे थाहा नपाई विद्यालयको कार्यक्रममा भाग लिन पाएको हुँदैन । कमै छात्राहरुले विद्यालयको केहि कार्यक्रमहरुमा मात्र भाग लिएका हुन्छन् । शैक्षिक वर्ष २०६८ को भन्दा २०६९मा२२जना वदि छात्राहरुले तथा २०७० मा ८ जना कम छात्राहरुले विद्यालयको अक्तिरिक्त क्रियाकलापमा भाग लिएको पाइयो ।

वकतृत्व कला र खेलकुद प्रतियोगितामा वदि छात्राले भाग लिएको पाइयो । हाजरी जवाफ प्रतियोगितामा र खेलकुद प्रतियोगितामा लगभग बराबरै संख्यामा भाग लिएको पाइयो भने, आधा भन्दा बढी छात्राहरुले कुनै पनि कार्यक्रममा भाग नलिएको पाइयो । निवन्ध प्रतियोगितामा भाग लिने छात्राहरुको संख्या क्रमिक रुपले वदेकै पाइयो । यसवाट विद्यालयमा आयोजना हुने अक्तिरिक्त क्रियाकलपमा छात्राहरुको सहभागिता ज्यादै कम रहेको कुरा स्पष्ट हुन जान्छ ।कमै छात्राहरु वदि कार्यक्रममा दोहोरिएको पाइयो । यसवाट उनीहरुको साथीभाईसँगको सम्बन्ध पनि राम्रो रहेछ भन्न सकिदैन साथै उनीहरुको खेलकुद प्रतिका उत्साह राम्रो नरहेको कुरा स्पष्ट हुन जान्छ । विद्यालयको कार्यक्रमहरुमा तिनीहरुको सहभागिता कम हुनुको कारण उनीहरु आफै सक्रिय नहुनु र विद्यालयले तिनीहरुलाई सहभागि गराउने तर्फ जिम्मेवारी नदेखाउनु हो । विद्यालयको कार्यक्रममा विद्यार्थीहरुको यस्तो सहभागितावाट उनीहरु विद्यालयमा पनि नियमित नरहेको, शिक्षक तथा साथिहरुसँगको पनि सम्बन्ध राम्रो नरहेको तथा पढाइ प्रतिको उनीहरुको चासो कम रहेको कुरा छर्लङ्ग हुन जान्छ । तिनीहरुले विद्यालयको सम्पूर्ण कार्यक्रममा भाग लिएको भए साथीभाई तथा शिक्षक शिक्षिकाहरुसँगको सम्बन्ध मजबुतभई पढाइप्रतिको उनीहरुको चाहना झन् बढ्ने छ र विद्यालयको अक्तिरिक्त क्रियाकलापमा उनीहरुको सहभागिता बढ्ने छ ।

## ४.३ अक्तिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता कम हुनुका कारणहरु

### ४.३.१ लैङ्गीक विभेद

हाम्रो समुदायमा अधिकांश व्यक्तिहरुमा चेतनाको अभावको कारणले छोरा र छोरीमा ठुलो विभेद गरेको पाइन्छ । छोरीलाई मिठो खाना, राम्रो लुगा दिई विद्यालय पठाउने तर छोरीलाई राम्रो लुगा मिठो खाना नदिई विद्यालय समेत नपठाउने गरेको छोरालाई वदि फिस तिरेर पनि प्राईभेट ईंगलिस विद्यालयमा तथा छोरीलाई खर्च साफै नपर्ने सरकारी विद्यालयमा पनि नपठाई घर कार्यमै लगाउने जस्ता विभेद गरेको पाईन्छ । विद्यालय समेत पुग्न नपाउने छात्राहरुले अतिरिक्त क्रियाकलापमा सहभागी हुन नसकेको प्रतिक्रिया शिक्षक शिक्षिका तथा अभिभावकहरुले दिएको पाइयो ।

छनोटमा परेका १६ जना छात्राहरुका अभिभावकहरुलाई विद्यालयमा आयोजना हुने अत्तिरिक्त क्रियाकलापहरुमा तपाईंहरुको छोरीले भाग अलिएको छ/छैन ? लिएको छ भने कुनै पुरस्कार पाएको छ भनी सोधिएको छ । जसमा ६ जना अभिभावकहरुको छोरीहरुले हाजिरीजवाफ, बादबिबाद र खेलकुदमा भाग लिएको तथा कप, डिक्सनरी, कापी र कलम पुरस्कार स्वरुप प्राप्त गरेको बताएको पाइयो ।

### ४.३.२ आर्थिक स्थिति कमजोर

९०% अभिभावक तथा शिक्षक/शिक्षिकहरुवाट आफ्नो प्रतिक्रियामा अधिकाँश मानिसहरुको आर्थिक स्थिति कमजोर हुन्छन । उनीहरु पहिलेकै पुरानो परम्परागत पेशामा लागेका छन । पुर्वजले खाएको ऋण चुकाउन धनीहरुकै खेतमा काम गर्नुपर्ने हुन्छन । हातमुख जोड्ने समस्याका कारणले आफ्नाछोरीहरुलाई विद्यालय पठाउन

नपाई घर कार्यमै लगाउने गरेका हुन्छन । जसले गर्दा माध्यमिक तहमा त्यस्ता छात्राहरुको सहभागिता कम भई अतिरिक्त कियाकलापमा समेत सहभागिता कम हुन्छन भनी  प्रतिकिया दिइयो ।

### ४.३.३ शैक्षिक चेतनाको अभाव

९०% शिक्षक/शिक्षिकाले दिएको प्रतिकियाको आधारमा अधिकांश मानिसहरुमा शैक्षिक चेतनाको अभाव हुन्छन । उनीहरु अशिक्षित हुन्छन । शिक्षाको मर्म वुझेका हुदैन शिक्षा आर्जन गरेपनि नोकरी नपाई घरैमा वस्नु पर्ने हुन्छन भने विश्वास राखेका हुन्छन । जसले गर्दा आफ्ना छोराछोरीहरुलाई एक तर्फ विद्यालय नै नपठाएका हुन्छन भने अर्को तर्फ विद्यालय गइरहेकोहरुप्रति पनि कुनै चासो नदेखाई घरायसी कार्य र होटल, ईटाभट्टा  जस्ता विभिन्न श्रममा लगाउने गर्छन । जसले गर्दा माध्यमिक तहमा अतिरिक्त कियाकलपमा  स्वत:त्यस्ता छात्राहरुको सहभागिता कम हुन जान्छन ।

### ४.३.४ खराव साथी सँगत

९०% शिक्षक/शिक्षिकहरुले दिएको प्रतिकिया अनुसार विद्यार्थीहरु खराव साथीसंगतमा लागेका हुन्छन  । साथीहरुको लहैलहैमा परि तास जुवा खेल्ने गर्छन । जथाभावी घुमफिर गर्ने गर्छन । त्यसमा अभिभावकहरुले पनि केही प्रतिकिया देखाएका हुँदैनन् । उनीहरु खराव साथीसंगतमा परी एक तर्फ विद्यालय समेत जान पाएका हुँदैनन् भने अर्कोतर्फ विद्यालय गइरहेकाहरु पनि विचैमा कक्षा छाड्ने गर्छन । जसले गर्दा माध्यमिक तहमा अतिरिक्त कियाकलापमा  छात्राहरुको सहभागिता कम हुन जान्छन ।

## ४.३.५ छात्राहरुको शिक्षा आर्जनप्रति राज्य र विभिन्न संघ संस्थाहरुले देखाउने चासो

दलित जातका मानिसहरु आर्थिक, सामाजिक र राजनैतिक रुपले धेरै पछि परेका छन । एक तर्फ उनीहरुमा अध्ययन प्रतिको कुनै चासो हुँदैन भने अर्को तर्फ राज्य र कुनै संघसंस्थाले उनीहरुको अध्ययन कार्यमा सहयोग पुर्याई सभ्य नागरिक वनाउने तर्फ कुनै ध्यान पुर्याएका हुँदैन जसले गर्दा दलित जातका छात्राहरु माध्यमिक तह सम्म पुग्ण पाउँदैन यसरी माध्यमिक तहमाअतिरिक्त कियाकलापमा उनीहरुको सहभागिता कम हुन जान्छ भने प्रतिकिया छात्राहरु र अभिभावकहरुले दिएको पाइयो ।

## ४.३.६ छुवाछुतको भावना र भेदभाव

६५% अभिभावक र छात्राहरुले आफ्नो प्रतिकियामा दलित जातका मानिसहरुवाट विद्यालयमा र विद्यालय वाहिर छुवाछुतको भावना राखी  गर्ने विभिन्न भेदभावको कारणले दलित छात्राहरुवाट शिक्षक /शिक्षिका र साथीभाइहरु टाढा रह्न खोज्छन । जसले गर्दा विद्यालयमा छात्राहरु आफुलाई घृणित ठानी विद्यालय जानवाट हिचकिचाउछन र विद्यालय छाड्ने गर्छन । यसरी उनीहरुको विद्यालयमा अतिरिक्त कियाकलापमा सहभागिता घट्न जान्छन । उल्लेख गरेको पाइयो ।

## ४.३.७ कम उमेरमा बिहेबारी

सत्प्रतिशत शिक्षक/शिक्षिकाहरुको अनुसार अधिकाँश छात्राहरु विद्यालयमा पढिरहेकै बेला उनीहरुको बिहेवारी हुने गर्छन । उमेर बढ्दा बिहेवारीमा बढी खर्च लाग्ने र अन्य समस्या हुने कुरामा विश्वास राखी दलित अभिभावकहरुले आफ्ना

छोरीहरुको विहेवारी कमै उमेरमा गर्ने गर्छन । यसरी उनीहरुले आफ्नो अध्ययन पूरा गर्न नसकि विचैमा कक्षा छाड्ने गर्छन यसरी अतिरिक्त क्रियाकलापमा सहभागिता घट्न जान्छन् भनी प्रतिक्रिया दिएको पाइयो ।

### ४.३.८ अभिभवकहरुको बेरोजगारी

अभिभावकहरुको अनुसार उनीहरु बेरोजगार हुन्छन । कुनै रोजगार पाएका हुँदैन । उनीहरुलाई आर्थिक आम्दानी हुन नपाएकोले छोराछोरीहरुको लागि लत्ताकपडाको पनि व्यवस्था गर्न सकेका हुँदैन । विद्यालयमा नामाङ्कन सुल्क र किताब, कापी, कलम किन्ने पैसा तिर्न नसकेकोले आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउन पाएका हुँदैनन् यसरी अतिरिक्त क्रियाकलापमा सहभागिता हुन पाउँदैन भनी प्रतिक्रिया दिएका थिए ।

अधिकाँश छात्राहरुको  माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता कम हुनुको कारणहरुमा अभिभावकहरु वेरोजगार, विद्यालय पोशाक, किताब, कापी, कलम किन्न नसक्नु, आर्थिक कठिनाई, दलित विद्यार्थीलाई तल्लो जात भनेर गरेको घृणित व्यवहार, धनी वर्गहरुवाट बढी शोषण, जग्गा नभई बिना धितो ऋणको व्यवस्था नहुनु, हातमुख जोड्ने समस्या, अभिभावकहरुमा शिक्षाको कमी, आमावावुले लिएको ऋणवाट मुक्त हुन नपाएको, दलित वर्गको उत्थानको लागि सरकारको कुनै खास योजना नभएको, छात्राहरुलाई कुनै संघसंस्थावाट विद्यालय जान कुनै सहयोग नभएको, अभिभावकहरुवाट मादक पदार्थ सेवन गरी घरायसी कलह र झैझगडा जस्ता कारणहरु रहेको पाइयो ।

माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता कम हुनाका कारणहरु पत्ता लगाई उनीहरुको सहभागिता बढाउने तर्फ जोड दिनुले सिद्धान्तसँग सहमत भएको देखिन्छ ।

आर्थिक स्थिति कमजोर, घरायसी कार्यको बोझ, कम उमेरमा विहेवारी, विदेशमा गई पैसा कमाउने इच्छा, पढनमा कमजोर, विद्यालयको फिस तिर्न नसक्नु, छोराछोरीको संख्या बढी, चेतनाको कमि, खराव साथीसंगत, टोल छिमेकमा पढाइको वातावरण नहुनु, सुलभ तरिकाले ऋण उपलब्ध नुहनु, घरपरिवार चलाउनु, ज्याला मजदुरीमा लाग्नुपर्ने भएकोले विद्यालय छोड्न थाल्छन । यसरी अतिरिक्त क्रियाकलापमा सहभागिता घट्न जान्छन ।

## ४.४ अत्तिरिक्त क्रियाकलापको प्रभावकारीता

यस सम्वन्धमा जान्नको लागि छनोटमा परेका ४ विद्यालयका १६ जना छात्रा , उनीहरुको १६ जना अभिभावक र प्रत्येक विद्यालयका प्र.अ. लगायत जम्मा १२ जना शिक्षक/शिक्षिकाहरुको लागि क्रमश: १६, १६,र १२ वटा प्रश्नावली बनाई तिनीहरुवाट भराइएको र साथै छलफल गरिएको छ । जसवाट निम्नानुसारको प्रतिक्रियाहरु प्राप्त भयो ।

अतिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता वढाउन छात्रा र शिक्षकहरुबीचको सम्बन्ध राम्रो हुनुपर्दछ । शिक्षक र विद्यार्थीबीच राम्रो सम्वन्ध भएमा विद्यार्थी शिक्षकसँग निर्भिक्क भएर  पढाइ सम्बन्धी कुनै पनि कुरा सोधपुछ गर्न सक्छ र शिक्षकले पनि विद्यार्थीलाई त्यतिकै माया गरी सिकाउन चाहनुहुन्छ । विद्यार्थी अनुशाशित भएर जुनसुकै

पनि कुरा सिकन सक्छ । विद्यार्थीले शिक्षकसँग मिठोमिठो कुरा गरी राम्रो सम्बन्ध स्थापित गर्नुपर्ने आवश्यक देखिन्छ तर अभ्यासमा दलित विद्यर्थी र शिक्षकबीचको सम्बन्ध त्यति राम्रो देखिदैन । मेरो बिचारमा तिनीहरुबीच राम्रो सम्बन्ध स्थापित गराउनु पर्दछ । जसवाट विद्यालयको अतिरिक्त कियाकलापमा तिनीहरुको सहभागिता वढ्न जान्छन् ।

### ४.४.१ सिकाइमा बृद्धि

शिक्षक र विद्यार्थीबीचको सम्बन्ध राम्रो हुनुपर्दछ । उनीहरुबीचको सम्बन्ध राम्रो भएन भने शिक्षण सिकाइ कियाकलाप अप्रभावकारी हुन्छन  र उनीहरुबीचको सम्बन्ध राम्रो भएमा शिक्षण सिकाइ कियाकलाप बढी प्रभावकारी हुन जान्छन ।

#### ४.४.१.१ विद्यार्थीहरुवाट प्राप्त प्रतिकिया विश्लेषण

शिक्षक छात्राको सम्बम्ध बारे सोधिएको प्रश्नको जवाफमा अधिकांश छात्राहरुवाट ठिकठिकै सम्बन्ध रहेको कुरा बताएको पाइयो । अध्ययनको आधारमा शिक्षक/शिक्षिका र छात्राहरु वीचको सम्बन्ध राम्रो नरहेको कुरा स्पष्ट हुन जान्छ । शिक्षक विद्यार्थीबीचको सम्बन्धले अतिरिक्त कियाकलापको सहभागितामा प्रत्यक्ष प्रभाव पार्दछ । उनीहरुबीचको सम्बन्ध राम्रो भए विद्यार्थी शिक्षकसँग नडराइ नजिकिदै गएर पढाइ सम्वन्धी सम्पूर्ण कुराहरु सिक्न तत्पर हुने भएकोले शिक्षकको सिकाउने इच्छा नभए पनि वाध्य भएर विद्यार्थीलाई सिकाउनै पर्छ । यसरी शिक्षण सिकाइको साथ साथै अतिरिक्त कियाकलापको सहभागितामा प्रत्यक्ष रुपले बृद्धि हुन्छ भने प्रतिकिया दिएको पाइयो ।

### ४.४.१.२ अभिभावकहरुवाट प्राप्त प्रतिक्रिया विवरण र विश्लेषण

छनोटमा परेका ४ विद्यालयका १६ जना अभिभावकहरुसँग शिक्षक छात्राहरुवीचको सम्वन्ध वारे गरिएको छ  लफलमा ६ जना अभिभावकहरुले राम्रो सम्वन्ध छ र १० जना अभिभावकहरुले राम्रो सम्वन्ध छैन अर्थात ३७.५% ले राम्रो सम्वन्ध छ र ६२.५% ले त्यति राम्रो सम्वन्ध छैन भन्ने जवाफ दिएको पाइयो । शिक्षकहरु टोल छिमेकमा पुग्दा धेरै जसो दलित विद्यार्थीहरु शिक्षकहरुसँग कुराकानी नगरी टाढा भागेको प्रतिक्रिया दिएको पाइयो । शिक्षक र विद्यार्थीबीचको सम्बन्ध खराव भए शिक्षण सिकाई प्रभावकारी हुदैंन र सम्बन्ध जती राम्रो भए अतिरिक्त क्रियाकलापमा सहभागिता राम्रो भई शिक्षण सिकाई बढी प्रभावकारी हुन्छ भन्ने जवाफ पाइयो ।

### ४.४.१.३ शिक्षक/शिक्षिकाहरुवाट प्राप्त प्रतिक्रिया विश्लेषण

शिक्षक/शिक्षिका र विद्यार्थीबीचको सम्बन्ध उनीहरुले एकअर्कोलाई विभेद नगरेकोवाट स्पष्ट हुन्छ । विद्यार्थीले ल्याएको पानी, प्रसाद शिक्षक/शिक्षिकाले खाएमा तिनीहरुबीच छुवाछुतको भावना छैन भन्ने कुरा स्पष्ट हुन्छ र त्यस्तो भावना नभएमा तिनीहरुबीचको दुरी कम भई शिक्षण सिकाई राम्रो हुन्छ । दलित विद्यार्थीहरुको शिक्षक/शिक्षिकाहरुसँगको सम्बन्ध वारे जान्न दलित विद्यार्थीहरुले ल्याएको पानी, प्रसाद तपाईंहरुले खानुहुन्छ कि खानुहुन्न भन्ने प्रश्न प्रधानाध्यापक लगायत १२ जना शिक्षक/शिक्षिकाहरुसँग सोधिएको छ । जसमा ४०% ले खाँदिन भने जवाफ दियो । यसवाट अतिरिक्त क्रियाकलापको सहभागितामा वढि प्रभाव पर्न जाने कुरा स्पष्ट हुन्छ ।

### ४.४.२ विद्यालयको सहक्रियाकलाप र अन्य क्रियाकलपको सहभागितामा बृद्धि

पञ्चान्बे प्रतिशत शिक्षक/शिक्षिका, अभिभावक र विद्यार्थीहरुको अनुसार शिक्षक विद्यार्थीबीचको सम्बन्ध राम्रो हुनुपर्दछ । तिनीहरुबीचको सम्बन्ध जति राम्रो हुन्छ त्यति नै दलित विद्यार्थीहरुको विद्यालयको अतिरिक्त क्रियाकलापमा सहभागिता बृद्धि हुनजान्छ र तिनीहरुबीचको सम्बन्ध राम्रो भएन भने तिनीहरु विद्यालयको अतिरिक्त क्रियाकलापमा भाग लिनवाट पछि हट्छन र स्वतः सहभागिता घट्न जान्छन भने कुरा व्यक्त गरेको पाइयो ।

### ४.४.३ आपसी मेलमिलापमा बृद्धि

विद्यार्थी र शिक्षक/शिक्षिकाबीचको सम्बन्धले शिक्षण सिकाइ सम्बन्धी सम्पूर्ण क्रियाकलापमा प्रभाव पार्छन । तिनीहरुबीचको सम्बन्ध खराब भएमा आपसी मेलमिलाप घट्न जान्छन र सम्बन्ध राम्रो भएमा आपसी मेलमिलाप बढ्न जान्छन । यसरी मेलमिलापमा बृद्धि भएमा विद्यार्थीहरु शिक्षक/शिक्षिकावाट बढी कुरा सिक्छन भने प्रतिक्रिया अस्सी प्रतिशत शिक्षक/शिक्षिका अभिभावक र छात्राहरुवाट दिएको पाइयो ।

### ४.४.४ आत्मबलमा बृद्धि

नब्बे प्रतिशत शिक्षक/शिक्षिका र अभिभावकहरुले आफ्नो प्रतिक्रियामा शिक्षक/शिक्षिका र विद्यार्थीहरुबीचको सम्बन्ध राम्रो हुनुपर्दछ । तिनीहरुबीचको खराब समबन्धले विद्यार्थीको आत्मबल बढ्नमा अवरोध पुऱ्याउँछ । तिनीहरुबीचको सम्बन्ध राम्रो भएमा विद्यार्थीहरुको आत्मबलमा बृद्धि हुन गई तिनीहरु शिक्षकवाट

धेरै कुरा सिक्छन । यसरी शिक्षण सिकाइ प्रभावकारी हुन्छ र उनीहरुमा नेतृत्व गर्न सक्ने क्षमताको समेत विकास हुन जान्छन भनी व्यक्त गरेको पाइयो ।

### ४.४.५ नेतृत्व गर्ने क्षमतामा बृद्धि

सत् प्रतिशत अभिभावक र शिक्षक शिक्षिकाहरुको अनुसार कुनै पनि मानिस एकै पटकमा नेता वन्न पुग्दैन । विद्यालय शिक्षा देखि नै उ विभिन्न क्रियाकलापमा भाग लिदै गई उसमा वोल्न सक्ने क्षमताको विकास हुदै जान्छ । यसरी धेरै पटकको साथीभाईहरु सँगको विभिन्न क्रियाकलापको सहभागिताको आधारमा विभिन्न कुराहरु सम्वन्धी ज्ञान वद्दै जान्छ । त्यसरी नै छात्राहरुलाई विद्यालयको अतिरिक्त क्रियाकलापमा सहभागिता गराउदा साथीहरु सँगको मेलमिलाप वद्न गई वोल्ने क्षमताको विकास हुदै जान्छ । यसरी ससाना समुहको नेतृत्व गर्ने क्षमताको विकास भई पछि गएर ठुलो समुहको नेतृत्व गर्न सक्ने भई उसमा नेतृत्व गर्ने क्षमतामा वृद्धि हुन जान्छ ।

बालबालिकाहरुको शिक्षकहरुसँगको सम्बन्धले शिक्षण सिकाइ क्रियाकलापमा पार्ने प्रभावमा विद्यार्थीहरु र शिक्षक/शिक्षिकाबीचको सम्बन्ध खराब भएमा शिक्षण सिकाई क्रियाकलापमा बृद्धि हुन पाउँदैन, विद्यालयको अतिरिक्त क्रियाकलाप र सहक्रियाकलापमा तिनीहरुको सहभागिता घट्न जन्छ । शिक्षक र विद्यार्थीहरुबीचको मेलमिलापमा नराम्रो प्रभाव पर्न गई विद्यार्थीहरुको आत्मबल घट्न गई नेतृत्व गर्न सक्ने क्षमतामा ह्रास आँउछ तथा तिनीहरुबीचको सम्बन्ध राम्रो भएमा शिक्षण सिकाईमा बृद्धि हुन जान्छ । विद्यायको अतिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागिता बढ्न जान्छ । उनीहरुको आपसी मेलमिलाप बढ्न गई आत्मबलमा समेत बृद्धि हुन गई नेतृत्व गर्ने क्षमताको विकास हुन्छ ।

शिक्षक विद्यार्थीबीचको राम्रो सम्बन्धले विद्यार्थीहरुको शिक्षण सिकाई प्रकियामा राम्रो प्रभाव पर्न गई अन्ततः विद्यार्थीको विद्यालयमा सहभागिता बढ्न जान्छ । यो पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड सिद्धान्तसँग मेल खाएको देखिन्छ ।

शिक्षक विद्यार्थीबीचको सम्बन्ध खराब भए विद्यार्थी शिक्षकवाट टाढा भाग्न खोज्छ र शिक्षण सिकाई प्रभावकारी हुदैंन र शिक्षक विद्यार्थीबीचको सम्बन्ध राम्रो भएमा विद्यार्थी शिक्षकसँग कुनै कुरा सोध्नवाट नडराई बढी कुरा सिकछन । यसरी शिक्षण सिकाई र अतिरिक्तको सहभागितामा वृद्धि हुन जान्छ ।

## ४.५ अत्तिरिक्त कियाकलापमा छात्राहरुको सहभागिता बढाउने उपायहरु

सामुदायिक विद्यालयको माध्यमिक तहमा अतिरिक्त कियाकलापमा छात्राहरुको सहभागिता कम हुनुले पाउलो फ्रेरे (१९७०) को सिद्धान्त पेडागोजी अफ अप्रेस्ड अनुसार "पिछिडिएको सम्पूर्ण छात्रा वर्गमा जनचेतना जगाई शिक्षा आर्जनमा सहभागि गराउने" लाई आत्मसात नगरेको र साथै राष्ट्रको शिक्षा नीति "सम्पूर्ण छात्राहरुलाई शिक्षाको मूलधारमा समाहित गराउने र सन् २०१५ सम्म सवैको लागि शिक्षाको प्रतिवद्धता पूरा गराउने सिद्धान्तलाई पञ्छाएको छ । माथि उल्लिखित प्रतिवद्धताहरु पूरा गराउन विद्यार्थी, अभिभावक र शिक्षक/शिक्षिकाहरुवाट छात्राहरुको माध्यमिक तहमा अतिरिक्त कियाकलापमा सहभागिता बढाउने उपायहरु सम्बन्धी छलफल गरिएको छ ।

### ४.५.१ छात्रवृति तथा पुरस्कारको व्यवस्था

सम्पूर्ण शिक्षक तथा छात्राहरुको अनुसार माध्यमिक विद्यालयमा अध्ययन गर्ने सम्पुर्ण छात्राहरुको लागि छात्रवृति तथा पुरस्कार नितान्त आवश्यक छ । छात्राहरु पढाइ लेखाइमा राम्रो गरेको खण्डमा तथा विद्यालयको कार्यक्रमहरुमाराम्रो गरेकोखण्डमा तिनीहरुलाई स्यावासी तथा पुरस्कार दिने गरेमा तथा दलित छात्रालाई दलित छात्रवृति दिने गरेमा तिनीहरुको विद्यालयप्रतिको आकर्षण बढ्न गई उनीहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता स्वतः बढ्न जानेछन भने प्रतिक्रिया दिएको पाइयो ।

### ४.५.२ निःशुल्क नामाङ्कन, किताब, कापी, कलम र ड्रेसको व्यवस्था

८०% अभिभावक र छात्राहरुको अनुसार विद्यालयको माध्यमिक तहमा सवै वर्गका छात्राहरुवाट नामाङ्कन शुलक लिने गरेको पाइन्छ । अधिकांश अभिभावकहरुको आर्थिक स्थिति कमजोर भएकोले उनीहरु आफ्नो छोरीहरुको समेत विद्यालयमा नामाङ्कन गराई बिताव ,कापी,ड्रेस इत्यादि किन्न असमर्थ हुन्छन् । सवै छात्राहरुलाई निःशुल्क नामाङ्कन गराई किताव, कापी कलम र ड्रेसको व्यवस्था सम्बन्धित पक्षले गर्न सकेको खण्डमा तिनीहरुको माध्यमिक विद्यालय तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता स्वतः बढन जान्छन भने प्रतिक्रिया दिएको पाइयो ।

### ४.५.३.दलित र गैर दलित वर्गका विद्यार्थीहरुप्रतिको समान व्यवहार

सत्प्रतिशत अभिभावक तथा विद्यार्थीहरुको अनुसार विद्यालयमा शिक्षक/शिक्षिका तथा सम्पूर्ण साथीभाइहरुले विभिन्न वर्गका छात्राहरुप्रतिको भेदभाव हटाई समान व्यवहार देखाउनु पर्ने हुन्छ । दलितहरुप्रतिको असमान व्यवहार तथा भेदभावले

दलित जातका  छात्राहरुमा खिन्न भावना उत्पन्न भई विद्यालय जान छाड्छन । सबै छात्राहरुप्रति विद्यालयमा र विद्यालय बाहिर सवैले समान व्यवहार देखाएमा उनीहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा धेरै हदसम्म सअभागिता बढ्न जानेछन भने प्रतिक्रिया दिएको पाइयो ।

### ४.५.४ शैक्षिक जनचेतना

सत्प्रतिशत शिक्षक/शिक्षिकाहरुको अनुसार धेरैजसो अभिभावकहरु र विद्यार्थीहरुले शिक्षाको मर्म बुझ्ेका हुँदैन उनीहरुमा धनी वर्गका बालबालिकाहरुले मात्र नोकर तथा विभिन्न पदहरु पाउने भएकोले शिक्षा आर्जनप्रति उनीहरुले चासो देखाएका हुँदैन । उनीहरुमा जुन वर्गका बालबालिका पढाइ लेखाइमा राम्रो गर्न सक्छन तयसैले राम्रो पद पाउन सक्छन भनी विभिन्न ठुल-ठुला व्यक्तिहरुको उदाहरण देखाइ शैक्षिक जनचेतना जगाउनु पर्ने हुन्छ । शैक्षिक जनचेतनाको माध्यमले उनीहरुमा शिक्षा आर्जनप्रतिको भावना बढ्न गई माध्यमिक विद्यालय तहमा अतिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागिता स्वतः बढ्न जानेछन भने प्रतिक्रिया दिएको पाइयो ।

### ४.५.५ उच्च शिक्षा र देशको सम्पूर्ण निकायमा सामावेशी

सम्पूर्ण अभिभावक, छात्रा र शिक्षक/शिक्षिकाहरुको अनुसार राज्यले सम्पूर्ण जातिका छात्राहरुको लागि राज्यको सम्पूर्ण निकायमा आरक्षणको व्यवस्था गर्नुपर्दछ । यस्तो भइ दिएको खण्डमा सवै जातिहरुमा शिक्षा आर्जनप्रतिको चाहना बढ्न जान्छन र प्रत्येक अभिभावकहरुले आ-आफ्ना छोरीहरुलाई शिक्षा आर्जन गराउने प्रति चासो देखाउने छन । यसरी स्वतः माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता बढ्न जान्छन भने प्रतिक्रिया दिएको पाइयो ।

### ४.५.६ अभिभावकहरुको लागि रोजगारको व्यवस्था

८५% शिक्षक/शिक्षिका तथा छात्राहरुल अभिभावकहरु विभिन्न समस्यामा बाँचिरहेका हुन्छन । उनीहरुलाई नगदको अभाव धेरै महसुस हुन्छन । देशमा विभिन्न उद्योगहरु स्थापना गराई तिनीहरुको लागि रोजगारको व्यवस्था सरकारले गराउनु पर्दछ । रोजगार पाएपछि उनीहरुको विभिन्न आवश्यक्ता पुरा भई छोराछोरीहरुको अध्ययन पूरा गराउन चाहन्छन । यस्तो इच्छा तिनीहरुमा जागृत भएमा छोराछोरीहरुलाई विद्यालय पठाउने गर्छन । यसरी माध्यमिक तहमा दलित छात्राहरुको सहभागिता वढ्न जान्छन भने प्रतिकिया दिएको पाइयो ।

### ४.५.७ अभिभावकहरुको पेशाको आधुनिक तथा वैज्ञानिक व्यवस्था

अधिकांश अभिभावकहरुको अनुसार उनीहरु पुरानै परम्परागत पेशामा आधारित रही प्राप्त गरेको कमै आम्दानीवाट आफ्ना सम्पूर्ण आवश्यक्ताहरु पूरा गर्न बाध्य भएका हुन्छन । उनीहरुको परम्परागत पेशालाई आधुनिकिकरण तथा वैज्ञानिककरण गराई आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । उनीहरुको परम्परागत पेशालाई आधुनिकिकरण गर्न सकेको खण्डमा आम्दानी स्वत: बढ्न जानेछ । यसरी उनीहरु आफ्ना छोराछोरीहरुलाई आफ्नै घरकार्य तथा अर्काको घरमा ज्यालामजदुरी गर्ने कार्यमा नलगाई विद्यालयमा पठाउने छन् र उनीहरुको पढाइ सम्बन्धी सम्पूर्ण आवश्यक्ता पूरा गराउने छन । यसरी माध्यमिक तहमा अतिरिक्त कियाकलापमा छात्राहरुको सहभागिता स्वत: बढ्न जानेछन् ।

### ४.५.८ सस्तो ब्याज दरमा ऋणको व्यवस्था

सत्प्रतिशत अभिभावक, छात्रा र शिक्षक/शिक्षिकाहरुसँग गरिएको छ  लफलमा दलित अभिभावकहरुलाई जग्गाजमिन हुँदैन । विना धितो कसैले ऋण दिने गर्दैन । कुनै अवस्थामा कसैलाई ऋण दिईहाले पनि चर्को व्याज लिने गर्छन । त्यही व्याज तिर्नमा लागेर अभिभावकहरुले अर्को कुनै पारिवारिक आवश्यक्ता पुरा गराउन सक्दैन । तसर्थ सरकारले अभिभावकहरुको लागि स-साना कार्यहरु सञ्चालन गराउन  नागरिक्ता नै धितोको रुपमा राखि सस्तो व्याज दरमा ऋणको व्यवस्था गराउनु पर्दछ । यस्तो गराइ दिएको खण्डमा अभिभावकहरुले आफ्ना सन्तानहरुको भविष्य सुधार्न उनीहरुको पढाइ, लेखाइलाइ पनि एउटा मुख्य आवश्यक्ता ठानी तिनीहरुलाई विद्यालय पठाउने गर्छन । यसरी माध्यमिक विद्यालयमा अतिरिक्त क्रियाकलापमा छात्राहरुको सहभागिता वढ्न जान्छन भने प्रतिक्रिया दियो ।

दलित जातका छात्राहरुलाई माध्यमिक तहमा कसरी नियमित गराउन सकिन्छ भन्ने सम्बन्धमा अभिभावकहरु, छात्रा र शिक्षक/शिक्षिकाहरुवीच छलफल गर्दा निष्कर्षको रुपमा निम्नानुसारको सुझाव तथा सल्लाह प्राप्त भयो । दलित जातको परम्परागत पेशालाई आधुनिकिकरण र वैज्ञानिककरण गनुपर्ने ।हरेक नेपालीले उच्च निच्चको भावना त्याग्नुपर्ने ।छात्राहरुलाई निःशुल्क भर्ना पोशाक, कापी, कलम तथा पाठ्यपुस्तक वितरण गर्नुपर्ने । छात्रावर्गलाई देशको हरेक क्षेत्रमा समान अवसर प्रदान गर्नुपर्ने । छात्रावर्गलाई राज्यले राजनैतिक तथा अन्य क्रियाकलापमा भाग लिन लगाउनुपर्ने । समानताको व्यवहार गर्नुपर्ने ।देशले छात्रावर्गका लागि छुट्टै योजना तय  गर्नुपर्ने । विद्यालयले आयोजना गर्ने कुनै पनि कार्यक्रममा छात्राहरुलाई भाग लिन लगाउनु पर्ने रशिक्षक शिक्षिकाहरुको  विद्यालयमा सवैसँग समान

व्यवहार भएको खण्डमा तिनीहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता बृद्धि हुने धारणा राखेका थिए ।

पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड सिद्धान्त अनुसार अत्याचारमा परेका शोषित पिडित वर्गका छात्राहरुमा समस्याका वारेमा जनचेतना जगाई सचेत वनाई मौनताको संस्कृति ( Culutre of Silence ) तोड्न लगाई शिक्षा आर्जन गराउनु पर्दछ । यसरी उनीहरु साक्षर हुन गई शिक्षा आर्जन प्रति प्रेरित भएर प्रथमिक तह पार गरी माध्यमिक शिक्षामा अतिरिक्त क्रियाकलापमा सहभागि हुन पुग्छन् तथा यस अध्ययनको उद्देश्य छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउने उपायहरु अर्थात सिद्धान्त र उद्देश्य एकअर्कोसँग पूर्ण रुपले सहमत रहेको देखिन्छ ।

सम्पूर्ण जातका छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउने उपायहरुमा छात्राहरुको माध्यमिक तहमा निःशुल्क नामाङ्कन, किताव, कापी, कलम र ड्रेस दिनुपर्ने, जातीय भेदभाव हटाइ छुवाछुत मान्नेलाई कारवाही गर्नुपर्ने, कमजोर छात्रालाईअत्तिरिक्त समय दिएर पढाउनुपर्ने, अभिभावकहरुको आयस्तर बृद्धि गराउनु पर्ने, रोजगार मुलक शिक्षा दिनुपर्ने, छात्रावर्गलाइ राष्ट्रको हरेक क्षेत्रमा समान अवसर प्रदान गर्नुपर्ने, समानताको व्यवहार गर्नुपर्ने, विद्यालयको हरेक कार्यक्रममा छात्राहरुलाई सहभागि गराउनु पर्ने, छात्राहरुको लागि सरकारले छुट्टै योजना तय गर्नुपर्ने, विभिन्न प्रकारको छात्रवृति प्रदान गर्नुपर्ने, दलित र गैर दलित छात्राहरुसँग समान व्यवहार गर्नुपर्ने, पुरस्कार तथा आर्थिक सहयोग दिनुपर्ने, शैक्षिक जनचेतना जगाउनु पर्ने जस्ता उपायहरु अपनाउनु जस्ता जवाफ प्राप्त भएको पाइयो ।

छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउने उपायहरुमा छात्रा हरुको माध्यमिक तहमा निःशुल्क नामाङ्कन, किताव, कापी, कलम र ड्रेस दिनुपर्ने, जातीय भेदभाव हटाइ छुवाछुत मान्नेलाई कारवाही गर्नुपर्ने, कमजोर छात्राहरुलाईअत्तिरिक्त समय दिएर पढाउनुपर्ने, अभिभावकहरुको आयस्तर बृद्धि गराउनु पर्ने, रोजगार मुलक शिक्षा दिनुपर्ने, छात्रावर्गलाइ राष्ट्रको हरेक क्षेत्रमा समान अवसर प्रदान गर्नुपर्ने, समानताको व्यवहार गर्नुपर्ने, विद्यालयको हरेक कार्यक्रममा छात्राहरुलाई सहभागि गराउनु पर्ने, छात्राहरुको लागि सरकारले छुट्टै योजना तय गर्नुपर्ने, विभिन्न प्रकारको छात्रवृति प्रदान गर्नुपर्ने, दलित र गैर दलित छात्राहरुसँग समान व्यवहार गर्नुपर्ने, पुरस्कार तथा आर्थिक सहयोग दिनुपर्ने, शैक्षिक जनचेतना जगाउनु पर्ने जस्ता उपायहरु अपनाउनु पर्ने हुन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा सुझावहरु

## ५.१ निष्कर्ष

शिक्षा त्यो माध्यम हो जसले देशलाई विकास तथा उन्नतिको मार्गतिर धकेल्ने कार्य गर्दछ । जुन देशमा शिक्षाको विकास तिव्र रुपले हुन्छ । त्यस देशले जहिले पनि हरेक क्रियाकलापमा अग्रगति लिन सफल हुन्छ । उदाहरणका लागि चीन, जापान, अमेरिका, बेलायत, क्यानाडा इत्यादि ।यी देशहरु शिक्षाको तिव्र विकासको कारणले गर्दा नै त्यति चाँडो अगाडि बढेका छन् । सोमालिया, इथोपिया जस्ता देशहरुमा शिक्षाको विकासको अभावले गर्दा नै त्यसको आर्थिक अवस्था खस्किँदै गइरहेको ज्वलन्त उदाहरणको रुपमा छ । तसर्थ शिक्षालाई देश विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ । हाम्रो देशलाई पनि विकास र उन्नतिको मार्गमा लग्न माध्यमकि स्तर सम्मको शिक्षा सर्वसुलभ तुल्याई प्रत्येक वर्ग र जातका छात्राहरुलाईशिक्षाको मुल धारमा समाहित गराईअतिरिक्त क्रियाकलापमा सहभागी गराउनु पर्ने देखिन्छ । सबै वर्ग र जातका छात्राहरुलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउन उनीहरुको अभिभावकहरुको आयस्तर बढाउनु पर्ने देखिन्छ । के गर्दा जनताको आयस्तर बढ्न सक्छ भन्ने बारेमा अध्ययन अनुसन्धान गराई आर्थिक अवस्था सवल वनाउनु पर्ने देखिन्छ ।

अभिभावकहरुमा आफ्ना छोरीलाई विद्यालय पठाउने इच्छा हुँदा हुँदै पनि गरिवीका कारणले गर्दा बिहान बेलुका हातमुख जोड्ने समस्या भएको हुनाले अभिभावकहरु ज्यालामजदुरी गर्न जाने र छोरीलाई घर कार्य हेर्न लगाउनु पर्ने भएकाले आफ्ना सबै छोरीहरुलाई विद्यालय पठाउन नसकेका हुन्छन् ।

सामुदायिक विद्यालयको माध्यमिक तहमा छात्राहरुको भर्ना दर र उत्तीर्ण दर अन्य जातका छात्राहरुको तुलनामा कम देखिन्छ भने उत्तीर्ण दर, कक्षा छाड्ने दर तथा कक्षा दोहऱ्याउने दर बढी देखिन्छ । आर्थिक र सामाजिक कारणले गर्दा छात्राहरु माध्यमिक तह पूरा नगरी बिचैमा कक्षा छाड्ने गरेको पाइन्छ । छोराछोरीको संख्या बढी भई विद्यालयको पढाई सम्बन्धी अन्य खर्च तिर्न नसकेको कुनै संघसंस्था र सरकारले पनि उनीहरुको पढाइप्रति खासै ध्यान नदिएको तथा अशिक्षाले गर्दा मादक पदार्थ सेवन गरी हुने घरायसी कलह र झैझगडाले गर्दा छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता कम रहेको बुझिन्छ ।

कमै प्रतिशत छात्राहरुले विद्यालयको अत्तिरिक्त क्रियाकलापमा भाग लिएको देखिन्छ । समग्रमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा उनीहरुको सहभागिता कमरहेको कुरा छर्लङ्ग हुन जान्छ। यसका कारणहरुमा उनीहरुमा चेतनाको आभाव, साथीहरुसँग त्यति राम्रो सम्बन्ध नहुनु, विद्यालयमा बढी समय अनुपस्थित रही कार्यक्रमहरुबारे जानकारी नहुनु, विद्यालयले उनीहरुलाई त्यस्ता क्रियाकलापहरुमा भाग लिन प्रोत्साहन नगरेको कुराहरु स्पष्ट हुन जान्छ । यसरी उनीहरुलाई विद्यालयको सम्पूर्ण कार्यक्रममा भाग लिन लगाई शिक्षकहरुसँगको सम्बन्ध बढाइ विद्यालयमा राम्रो वातावरण बनाइ उनीहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउनु पर्ने देखिन्छ ।

शिक्षक छात्राहरुबीचको सम्बन्ध त्यति राम्रो पाइएन । विद्यालयमा शिक्षक छात्राहरुबीचको सम्बन्ध जति राम्रो रहन्छ , शिक्षण सिकाई क्रियाकलाप त्यतिकै प्रभावकारी भई अतिरिक्त क्रियाकलापमा सहभागिता वढि हुन्छ । तिनीहरुबीचको सम्बन्धले शिक्षण सिकाई क्रियाकलापमा प्रत्यक्ष रुपले प्रभाव पार्ने भएकोले

तिनीहरुबीचको सम्बन्ध बढाउने बारे शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाबीच छलफल गराई सम्बन्ध बढाउनु पर्ने देखिन्छ ।

छात्राहरुको आर्थिक अवस्था कमजोर भएकोले विदेशमा गई पैसा कमाउने इच्छा, छाकटार्नलाई घरायसी कार्यको बोझ, चेतनाको अभाव, कम उमेरमा विहेवारी, साथीहरुको नराम्रो व्यवहार, सरकार, कुनै संघसंस्था र विद्यालयले उनीहरुको पढाइप्रति चासो नदेखाएको इत्यादि कारणले छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता कम भएको र माध्यमिक तह पूरा नगरी विचैमा कक्षा छाडेको देखिन्छ ।

त्यस्तै शिक्षा सम्वन्धी जनचेतना जगाई शिक्षाको र्मम प्रत्येक व्यक्तिलाई बुझाउनु पर्ने देखिन्छ । माध्यमिक तहमा रोजगार मुलक शिक्षानीति सरकारले लागु गर्नुपर्ने देखिन्छ । जसवाट माध्यमिक तह पास गरेपछि आफ्नो जिवन जिविका चलाउन सफल बन्न सकुन । शैक्षिक योजना ठिक छ या छैन ? भन्ने बारे अध्ययन अनुसन्धान गराई शिक्षा विकासको लागि के कस्ता कदम चाल्नु पर्ला ?भन्ने कुरालाई सबै पक्षले ध्यान दिनुपर्ने देखिन्छ । छात्राहरुको आर्थिक र शैक्षिक अवस्थालाई अध्ययन गर्दा आर्थिक र शैक्षिक दुवै दृष्टिकोणले यति कमजोर भएको हुँदा छात्राहरुको भर्ना दर बृद्धि गर्न तथा विचैमा कक्षा छाड्नवाट रोक्नका लागि सरकार, विभिन्न संघसंस्था, बुद्धिजीबी तथा पत्रकारहरुले दरिलो कदम  चाल्नु पर्ने अवस्था देखिन्छ ।

छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउन तथा विद्यालय छाड्नवाट रोक्न सर्वप्रथम अभिभावकहरुको आयस्तर बृद्धि गराउनुपर्ने, टोलछिमेक, शिक्षक/शिक्षिका, साथीभाई सवैले एक आपसमा राम्रो व्यवहार गर्नुपर्ने, विद्यालयको प्रत्येक कार्यक्रममा छात्राहरुको सहभागिता हुन सक्ने वातावरण तयार गर्नुपर्ने, कम

उमेरमा बालबालिकाको विहे गर्दा आइपर्ने अप्ठ्याराहरुवारे सञ्चार माध्यमद्वारा जानकारी गराउनुपर्ने, छात्राहरुको माध्यमिक तहमा निःशुल्क भर्ना गराई किताब, कापी, कलम इत्यादि निःशुल्क दिनुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरु

यस अध्ययनको प्राप्तिको आधारमा माध्यमिक विद्यालय तहमा छात्राहरुको अतिरिक्त क्रियाकलापमा सहभागिता बढाउनको लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तहका सुझावहरु

छात्राहरुको जीवनलाई सुधार गरी देशको सफल नागरिक बनाउन नातागोताको आधारमा राम्रो मान्छे नभई हाम्रो मान्छेको नियुक्ति शिक्षक पदमा हुनुपर्ने व्यवस्थापन समितीद्वारा भइरहेको अयोग्य, अव्यवहारिक, अस्थायी शिक्षक नियुक्ति प्रक्रियालाई तत्कालै रोकि दक्ष विषयगत तालिम प्राप्त योग्य शिक्षक नियुक्ति गराउनको लागि शिक्षक सेवा आयोग सम्बन्धी नीतिले शिक्षक नियुक्ति सम्बन्धी स्पष्टता नदिएकाले नेपाल सरकारले सरोकारवालाहरुसँग छलफल गरी शिक्षक नियुक्ति सम्बन्धी पुनः नीति तयार पार्नुपर्ने देखिन्छ । अस्थायी नियुक्ति गर्दा शिक्षामा उत्पन हुने गतिरोध अन्त्य गरी महिलाहरुको समेत प्रतिनिधित्व हुन सक्ने, छुवाछुत, उच्चनिच्च, धनीगरीव इत्यादिको भावना हटाउने खालका गोष्ठी र तालिमका व्यवस्था हुने खालका नीति सरकारले सम्बन्धित पक्षहरुसँग छलफल गरी तयार पार्नु पर्ने देखिन्छ । पछि परेका छात्राहरुको लागि पाउलो फ्रेरे (१९७०) द्वारा प्रतिपादित सिद्धान्तको आधारमा छात्राहरुको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिताको लागि उनीहरुको सल्लाह सुझाव समेत लिई उनीहरुकै स्थानीय भाषामा पाठ्यक्रम निर्माण गराउने सम्बन्धी नीति सरकारले तयार पार्नुपर्ने देखिन्छ ।

समाजमा रहेका परम्परागत सामाजिक रुढिवादी विचारधारा अन्त्यका लागि ठोस नीति ल्याउनुपर्ने, महिलाहरुको जीवन सुधारका लागि अल्पकालिन तथा दिर्घकालिन योजनाहरु ल्याउनुपर्ने, महिला वर्गका विभिन्न सीपहरुको संरक्षण र सम्वर्धन गर्नुपर्ने,महिला व्यवसाय तालिम केन्द्रको स्थापना गर्नुपर्ने, छात्रा छात्रवृति कोष खडा गरी छात्रा छात्रवृतिको व्यवस्था गर्नुपर्ने, उच्च शिक्षा हाँसिल गर्न छात्राहरुका लागि छात्रवृतिको व्यवस्था गरी अलग कोटा छुट्याउनुपर्ने, छात्राहरुमा पढाइको महत्व सम्बन्धी जनचेतना जगाउनु पर्ने र अभिभावकहरुलाई सस्तो दरमा ऋणको व्यवस्था गर्नुपर्ने जस्ता कार्यक्रमहरु सम्बन्धी नीति सरकारले सम्बन्धित निकायहरुसँग छलफल गरी तयार पार्नुपर्ने देखिन्छ । देशले छात्राहरुलाई रोजगारमुलक व्यवसायिक, निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने । अभिभावकहरुका लागि रोजगारमुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने । उनीहरुको परम्परागत पेशालाई आधुनिकीकरण गर्नुपर्ने । अभिभावकहरुका लागि सुलभ ब्याज दरमा ऋणको व्यवस्था गर्नुपर्ने । अभिभावकहरुमा आफ्ना बालबालिकालाई विद्यालय पठाउनु पर्छ भन्ने धारणा जागरण हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । अभिभावकहरुलाई पेशागत साना उधोग स्थापना गर्ने दक्ष जनशक्ति झिकाई तालिमको व्यवस्था गर्नुपर्ने जस्ता नीति सरकारले सम्बन्धित निकायसँग छलफल गरी तयार पार्नुपर्ने देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले सरल भाषामा रोजगारमुलक, महिला वर्गका परम्परागत पेशालाई आधुनिकीकरण गर्न सिकाउने, पढाइको साथसाथै कमाई हुन सक्ने, छुवाछुत, बालविवाह जस्ता विभिन्न सामाजिक कुरीतिहरु निर्मूल पार्न सक्ने चेतनादायक पाठ्यक्रम निमार्ण सम्बन्धी नीति सरकारले तयार पार्नुपर्ने देखिन्छ । साथै प्राथमिक तह

सम्मको पाठ्यपुस्तक मातृभाषामा तयार गर्न सकेको खण्डमा सहभागिता बढ्ने भएकोले नीति निर्माताहरुले त्यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५.२.२ अभ्यास तहका सुझावहरु

विद्यालय व्यवस्थापन पक्षले विद्यालय शिक्षासम्म पुग्न नसकेका छात्राहरुको लागि बिहान बेलुका कक्षा सँचालन गराई औपचारिक शिक्षामा समाहित गराउनु पर्ने, विद्यालयमा दलित छात्रा ,अन्य छात्रा र शिक्षक/शिक्षिकाबीचको सम्वन्ध राम्रो हुने वातावरण श्रृजना गराउनु पर्ने देखिन्छ । व्यवस्थापन पक्षले विद्यालयमा छात्राहरुको सहभागिता बढाउने किसिमका कार्यक्रम सँचालन गराउनु पर्ने, छात्राहरुवाट गरिएको कामलाई विद्यालय पक्षले प्रोत्साहित गर्नुपर्ने,परीक्षामा राम्रो गर्ने छात्रालाई बधाई तथा पुरस्कारदिनुपर्ने, छात्राहरुको लागि अतिरिक्त कक्षाको व्यवस्था गरी छात्रा छात्रवृति उपलब्ध गराउनु पर्ने,  प्रभावकारी शिक्षणको लागि शैक्षिक सामग्रीको व्यवस्था गराउनु पर्ने देखिन्छ । टोल छिमेकमा छात्राहरुलाई सवै वर्गका मानिसहरुले राम्रो व्यवहार गर्नुपर्दछ । उच्च जात र तल्लो जातको भावना हटाइ छुवाछुतको भावना त्याग्नु पर्दछ । कसैले पनि छात्रावर्गलाई शेषण गर्नुहुदैन ।स्थानीय अधिकारीले गरिव अभिभावकहरुद्वारा उत्पादित वस्तुहरुको उचित मुल्याङ्कन गरी खरिद विकी गराउनु पर्दछ । आफ्ना छोरीहरुलाई विद्यालय जाने उमेरमा विवाह नगराउने सम्वन्धी चेतना दिनु पर्ने र अभिभावकहरुलाई विद्यालयको विभिन्न कार्यक्रममा सहभागी गराउनु पर्दछ ।

छात्राहरुको लागि विद्यालयमा मायालु वातावरण सृजना गर्नुपर्ने । विद्यालयले आयोजना गर्ने कार्यक्रमहरुमा भाग लिन प्रोत्साहित गर्नुपर्ने । दलित छात्रा र गैरदलित छात्राहरुबीच भेदभावको वातावरण उत्पन्न हुन नदिने आदि जस्ता कार्यक्रमहरुप्रति

सम्बन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । परीक्षामा राम्रो गर्ने छात्राहरुलाई शिक्षक/शिक्षिकाले स्यावासी दिनुपर्ने । शिक्षक/शिक्षिकाहरुको तर्फबाट पछि परेका अभिभावकलाई चेतना मिल्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । सबै वर्गका छात्राहरुलाई समान व्यवहार गर्नुपर्ने । पाठ्यक्रम विकास केनद्रले तयार पारेको पाठ्यपुस्तक विद्यालयमा लागु गर्नुपर्ने । माथिका सुझावहरु पालन गरेको खण्डमा छात्राहरुको कक्षा छाड्ने दरलाई धेरै हदसम्म घटाई माध्यमिक तहमा अतिरिक्त कियाकलापमा तिनीहरुको सहभागिता बढाउन सकिन्छ ।

### ५.२.३ अनुसन्धान तहका सुझावहरु

माध्यमिक विद्यालय तहमा अतिरिक्त कियाकलापमाछात्राहरुको सहभागिता बढाउन आपसी बिभेद कम गराउनु पर्दछ । शिक्षक विद्यार्थी र अभिभावक बीचकोसम्बन्ध बढाई, तिनीहरुलाई विद्यालयको सम्पूर्ण कार्यक्रममा सहभागी हुने वातावरण तयार गराउन शिक्षक, अभिभावक र सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुबीच व्यापक छलफल गरी योजना निर्माण र कार्यान्वयन गराउने कार्यमा जोड दिनुको साथै निम्न विषयमा अनुसन्धान गर्न सकिने सुझाव प्रस्तुत गरिएको छ ।

माध्यमिक विद्यालय छाड्ने दलितछात्रा र अन्य छात्राहरुको तुलनात्मक अध्ययन, दलित जात र अन्य जातका बालबालिकाहरुको विद्यालय छाड्ने दरको तुलनात्मक अध्ययन, छात्राहरुको आयस्तर बृद्धिका उपाय र माध्यमिक विद्यालयमा दलित तथा गैर दलित छात्राहरुको सहभागिता आदि जस्ता विषयवस्तुलाई अनुसन्धानका लागि सुझावहरु प्रस्तुत गरिएको छ ।

# सन्दर्भसूची


कार्की, हरिबहादुर (२०४७), *स्याङ्गजा जिल्लाको पौवे गोडे गा.वि.स. कामी जातिको एक अध्ययन ।*

काठमाण्डौं (अप्रकाशित M.Ed शोधपत्र) ***स्नातकोत्तर तह,*** महेन्द्ररत्न क्याम्पस ताहाचल ।

काफ्ले, वासुदेव,ढकाल, हेमराज र अन्य (२०६५), ***शिक्षामा सामाजिक न्याय,*** कीर्तिपुर, काठमाण्डौं : सनलाईट पब्लिकेसन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०५७), ***शैक्षिक ब्यवस्थापन र संगठनात्मक ब्यवहार,*** भोटाहिटी, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

किसान, यमवहादुर (२००२), ***नेपालमा जातीय मुक्ति आनदोलन,***न्यु प्लाजा पुतली सडक, काठमाण्डौं : जनउत्थान प्रतिष्ठान (Jup Nepal) ।

खनाल, पेशल (२०६०), ***शैक्षिक अनुसन्धान पद्धति,*** कीर्तिपुर, काठमाण्डौं : सनलाइट पब्लिकेसन एण्ड डिस्ट्रिब्युटर्स ।

खनाल, श्री प्रसाद (२०५९), ***शैक्षिक अनुसन्धान पद्धति,*** कीर्तिपुर, काठमाण्डौं : जुपिटर पब्लिकेसन एण्ड डिस्ट्रिब्युटर्स ।

जिल्ला शिक्षा कार्यालय (२०६६), ***विद्यालय स्तरिय तथ्यांक,*** धनुषा : लेखक ।

लम्साल, प्रताप (२०५६), ***वार्दिया जिल्लाका प्राथमिक विद्यालयमा दलित जातिको सहभागिता,*** काठमाण्डौं (अप्रकाशित शोधपत्र) स्नातकोत्तर तह, महेन्द्ररत्न क्याम्पस ,

लाम्गादे, भोजराज (२००४), ***दलित मानव अधिकारको अवस्था र कानुनी अवस्था,*** न्यु प्लाजा पुतली सडक, काठमाण्डौं : जनउत्थान प्रतिष्ठान (Jup Nepal) ।

सिंह,शिवकुमार (२०६२), ***मुसहर जातिको शैक्षिक आर्थिक र सामाजिक अवस्था धनुषा हरिपुर गा.वि.स. वडा नं. ५ को एक अध्ययन,*** (अप्रकाशित प्रतिवेदन) स्नातकोत्तर तह, शिक्षाशास्त्र सकांय त्रि.वि.वि. ठा.रा.व. क्याम्पस वीरगंज ।

शर्मा, चिरन्जीवि (२०६६), ***शिक्षाका आधारहरु,*** भोटाहिटी, काठमाण्डौं : एम्.के पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शिक्षा मन्त्रालय (२०४९), ***शिक्षा निर्देशिका,*** केशरमहल, काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०२८), ***राष्ट्रिय शिक्षा पद्धतिको योजना,*** केशर महल काठमाणडौं : लेखक ।

श्रेष्ठ,कृष्ण (२०६६), ***शिक्षामा दलितको सहभागिता,*** गोरखापत्र, धर्मपथ, काठमाण्डौं : गोरखापत्रसंस्थान ।

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : १

### अभिभावकको लागि तयार पारिएको प्रश्नावली

नाम,थर : ...................... पेशाः ....................

उमेरः.......... ठेगाना : .........................

योग्यता : .................. जात : ...........

१) तपाईको कति जना सन्तानहरु छन् ? त्यसमा छोरा र छोरी कति कति छन् ?

२) तपाईको कति जना सन्तानहरु विद्यालय जान्छन र कति जना विद्यालय जाँदैन ?

३) माध्यमिक विद्यालय तहमा छात्राहरुको शैक्षिक अवस्था कस्तो छ ?

४) माध्यमिक तहमा अतिरिक्त कियाकलापमा छात्राहरुको भर्ना दर न्यून हुनाका कारणहरु के के हुन् ?

५) विद्यार्थीहरुलाई माध्यमिक तहमा अध्ययन जारी राख्न कुनै संघसंस्थाले मद्दत गरेको छ/छैन ?

६) विद्यालयमा आयोजना हुने अतिरिक्त कियाकलापमा तपाईको छोरीले भाग लिएको छ/छैन ?

७) छात्रा र शिक्षकबीचको सम्वन्ध कस्तो छ र त्यसले शिक्षण सिकाईमा के प्रभावपार्छ ?

८) तपाईको विचारमा छात्राहरुलाई माध्यमिक तहमा उत्तीर्ण नगरी कक्षा छाड्नवाट रोक्न के गर्नुपर्दछ ?

९) माध्यमिक तहमा छात्राहरुको अतिरिक्त कियाकलापमा सहभागिता बढाउने उपायहरु के-के छन् ?

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : २

### छात्राहरुको लागि तयार पारिएको प्रश्नावली

नाम,थर : ......................  उमेर : ....................

ठेगाना : ........................  जात : ....................

पेशा : ..........................  योग्यता : .....................

१) छात्राहरुको शैक्षिक अवस्था कस्तो छ ?

२) विद्यालयमा आयोजना हुने अत्तिरिक्त कियाकलापमा भाग लिएको छ/छैन ?

३) तिमी विद्यालयले आयोजना गर्ने कुन कार्यकममा भाग लिएका छौ ?

४) शिक्षक/शिक्षिकासँग तिम्रो कस्तो सम्वन्ध छ ?

५) तिमीलाई विद्यालयमा शिक्षक/शिक्षिकाले कतिको माया गर्नुहुन्छ ?

६) तिमीले शिक्षक/शिक्षिकावाट अछुत शब्द सुनेको छ/छैन ?

७) तिम्रो जातमा छात्राहरुको विहे प्रायः कुन उमेरमा हुने गर्दछ ?

८) तिम्रो विचारमा छात्राहरुको कक्षा छाड्ने प्रमुख कारण के होला ?

९) छात्राहरुको कक्षा छाड्ने दर घटाउन के गर्नुपर्ला ?

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : ३

### प्रधानाध्यापक, शिक्षक/शिक्षिकाको लागि तयार पारिएको प्रश्नावली

नाम,थर : .......................     उमेर : ....................

ठेगाना : .........................     जात : ....................

पेशा : ..........................     योग्यता : .....................

१) छात्राहरुको कक्षामा उपस्थिति कस्तो रहन्छ ।

२) छात्राहरुपढाइमा कस्ता छन् ?

३) अत्तिरिक्त कियाकलापहरुमा छात्राहरुको सहभागिता कस्ता छन ?

४) छात्राहरुविद्यालयका कुन कुन कार्यकंममा भाग लिएका छन ?

५) दलित छात्राहरुले ल्याएको पानी, प्रसाद तपाईले खानुहुन्छ/खानुहुन्न ?

६) छात्राहरुको माध्यमिक तह उत्तीर्ण नगरी कक्षा छाड्ने कारण केके छन ?

७) कसरी छात्राहरुलाई कक्षा छाड्नवाट रोक्न सकिन्छ ?

८) तपाईको विचारमा माध्यमिक तहमा अतिरिक्त कियाकलापमा छात्राहरुको सहभागिता वढाउन के गर्नुपर्ला ?

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : ४

## नुमना छनोटमा परेका विद्यालयहरुको नामावली

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री काजी स्वरुप हजारी साह वौएलाल उ.मा.वि. खजुरी | खजुरी |
| २. | श्री जनता उच्च माध्यमिक विद्यालय, मंगराहा | मंगराहा |
| ३. | श्री एस. एन. आर जनता उच्च माध्यमिक विद्यालय, धवौली | धवौली |
| ४. | श्री जनता एकाई उ. माध्यमिक विद्यालय, यदुकोहा (शहिद नगर) | यदुकाहा (शहिद नगर) |

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : ५

### धनुषा निर्वाचन क्षेत्र नं. १ मा रहेको समुदायिक विद्यालयहरुको नामावली

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री काजी स्परुप हजारी साह वौएलाल उ.मा.वि. खजुरी | खजुरी |
| २. | श्री जनता उच्च माध्यमिक विद्यालय, मंगराहा | मंगराहा |
| ३. | श्री एस. एन. आर जनता उच्च माध्यमिक विद्यालय, धवौली | धवौली |
| ४. | श्री जनता एकाई उ. माध्यमिक विद्यालय, यदुकोहा (शहिद नगर) | यदुकाहा(शहिद नगर) |

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : ६

### अभिभावकहरुको छोराछोरी विवरण

| क.स. | अभिभावकको नाम | छोराको संख्या | छोरीको संख्या | जम्मा |
|---|---|---|---|---|
| १. | सोनेलाल यादव | ३ | २ | ५ |
| २. | अरविन्द कुमार मंडल | २ | ३ | ५ |
| ३. | अजय कुमार पंडित | १ | २ | ३ |
| ४. | गंगा मंडल (खत्वे) | १ | ३ | ४ |
| ५. | ललित सादा (मुसहर) | २ | १ | ३ |
| ६. | शिवन साह | १ | ३ | ४ |
| ७. | राजकुमार झा. | १ | ३ | ४ |
| ८. | लखन पासमान | २ | २ | ४ |
| ९. | रामवावु यादव | १ | २ | ३ |
| १०. | भरत गोहीवार | ३ | १ | ४ |
| ११. | नन्देव मल्लिक | २ | २ | ४ |
| १२. | जिवछ लाल दास | ३ | ३ | ६ |
| १३. | राम प्रसाद (तत्मा) | २ | ४ | ६ |
| १४. | रामवृक्ष ठाकुर | ३ | ० | ३ |
| १५. | रंजित कुमार महासेठ | २ | २ | ४ |
| १६. | काशीनाथ शर्मा | २ | २ | ४ |
| जम्मा | | ३१ | ३५ | ६६ |

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : ७

### विद्यालय जाने/नजाने छात्रछात्राहरुको संख्या विवरण

| क.स. | अभिभावकको नाम | विद्यालय जाने | | | | | विद्यालय नजाने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा.वि | नि.मा.वि | माध्यमिक वि.जाने | | | | | |
| | | | | छोरा | छोरी | जम्मा | छोरा | छोरी | जम्मा |
| १. | सोनेलाल यादव | १ | १ | १ | ० | १ | ० | २ | २ |
| २. | अरविन्द कुमार मंडल | १ | १ | १ | ० | १ | ० | २ | २ |
| ३. | अजय कुमार पंडित | ० | ० | १ | ० | १ | ० | २ | २ |
| ४. | गंगा मंडल (खत्वे) | १ | ० | १ | ० | १ | ० | २ | २ |
| ५. | ललित सादा (मुसहर) | ० | ० | १ | ० | १ | १ | १ | २ |
| ६. | शिवन साह | १ | ० | १ | १ | २ | १ | ० | १ |
| ७. | राजकुमार झा. | १ | १ | ० | १ | १ | ० | १ | १ |
| ८. | लखन पासमान | १ | १ | १ | ० | १ | १ | ० | १ |
| ९. | रामवावु यादव | ० | १ | १ | ० | १ | ० | १ | १ |
| १०. | भरत गोहीवार | २ | ० | १ | १ | २ | ० | ० | ० |
| ११. | नन्देव मल्लिक | २ | ० | १ | ० | १ | १ | ० | १ |
| १२. | जिवछ लाल दास | २ | ० | १ | १ | २ | २ | ० | २ |
| १३. | राम प्रसाद (तत्मा) | १ | २ | १ | ० | २ | ० | २ | २ |
| १४. | रामवृक्ष ठाकुर | १ | ० | २ | ० | २ | ० | ० | ० |
| १५. | रंजित कुमार महासेठ | १ | १ | १ | ० | १ | १ | ० | १ |
| १६. | काशीनाथ शर्मा | १ | १ | १ | ० | १ | ० | १ | १ |
| जम्मा | | १६ | ९ | १६ | ४ | २० | ७ | १४ | २१ |

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : ८

### छनोटमा परेका प्र.अ. तथा शिक्षक/शिक्षिकाहरुको नामावली

| क.सं. | नाम | पद | योग्यता | विषय |
|---|---|---|---|---|
| १. | श्री राजेश्वर यादव | प्र.अ. | एम.ए | समाजिक |
| २. | श्री तुलानन्द मंडल | मा.शिक्षक | बि.एड | विज्ञान |
| ३. | श्री ओम प्रकाश महरान | मा.शिक्षक | बि.एस.सी/बि.एड | विज्ञान |
| ४. | श्री ब्रहमदेव यादव | प्र.अ. | एम.एड. | गणित |
| ५. | श्री मति प्रमिला नायक | मा.शिक्षक | एम.एड. | विज्ञान |
| ६. | श्री तपेश्वर दास | मा.शिक्षक | वि.एड. | सामाजिक |
| ७. | श्री प्रसाद गोहिवार | प्र.अ. | बि.एड. | जनसंख्या |
| ८. | श्री रोशन यादव | मा.शिक्षक | बि.एड. | अङग्रेजी |
| ९. | श्री देवेन्द्र यादव | मा.शिक्षक | बि.एस्सी. | विज्ञान |
| १०. | श्री प्रमोद कर्ण | प्र.अ. | बि.एस्सी. | विज्ञान |
| ११. | श्री प्रदिप साह | मा.शिक्षक | एम.एस्सी. | गणित |
| १२. | श्री राम प्रसाद मंडल | मा.शिक्षक | बि.ए. | सामाजिक |

# अतिरिक्त कियाकलापमा छात्रा सहभागिता

## अनुसुची : ९

### छनोटमा परेका माध्यमिक तहका छात्राहरुको नामावली

| क.सं. | नाम | कक्षा | विद्यालय |
|---|---|---|---|
| १. | बिभा कुमारी साह | ९ | श्री काजी स्व.ह.वौ.उ.मा.वि. |
| २. | बीणा कुमारी साह | १० | श्री काजी स्व.ह.वौ.उ.मा.वि. |
| ३. | रिता कुमारी | १० | श्री काजी स्व.ह.वौ.उ.मा.वि. |
| ४. | नेहा साह | ९ | श्री काजी स्व.ह.वौ.उ.मा.वि. |
| ५. | रश्मि झा | १० | श्री जनता उ.मा.वि, मंगराहा |
| ६. | मिनाक्छी कुमारी | १० | श्री जनता उ.मा.वि, मंगराहा |
| ७. | रविना कुमारी पासमान | ९ | श्री जनता उ.मा.वि, मंगराहा |
| ८. | सिमा कुमारी महरा | १० | श्री जनता उ.मा.वि, मंगराहा |
| ९. | पुनम पासमान | १० | श्री एस.एन.आर.उ.मा.वि, धवौ. |
| १०. | मन्जु कुमारी ठाकुर | १० | श्री एस.एन.आर.उ.मा.वि, धवौ. |
| ११. | रजनी कुमारी | ९ | श्री एस.एन.आर.उ.मा.वि, धवौ. |
| १२. | नीतु कुमारी | ९ | श्री एस.एन.आर.उ.मा.वि, धवौ. |
| १३. | सुजीता कुमारी | ९ | श्री जनता इ.उ.मा.वि.यदुकोहा |
| १४. | खुसी कुमारी | ९ | श्री जनता इ.उ.मा.वि. यदुकोहा |
| १५. | सन्जु कुमारी | ९ | श्री जनता इ.उ.मा.वि. यदुकोहा |
| १६. | सविता कुमारी | १० | श्री जनता इ.उ.मा.वि. यदुकोहा |